स्थानीय पाठ्यक्रम - २०८०





# हाम्रो छत्रकोट

## कक्षा १-८





प्रकाशकः

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय पाठ्यक्रम : हाम्रो छत्रकोट गाउँपालिका**

प्रकाशक : छत्रकोट गाउँपालिका, चोयगा, गुल्मी ।

वेबसाइट : **www.chhatrakotmun.gov.np**

प्रमुख संरक्षक - रामप्रसाद पाण्डेय, अध्यक्ष

संरक्षक - सावित्रा ज्ञवाली, उपाध्यक्ष

सदस्य - वीरबहादरु पुन, प्रमुख प्रशासकीय अधिकृत

© सर्वाधिकार - श्री छत्रकोट गाउँपालिका, गुल्मी

## पाठ्यक्रम निर्माण प्राविधिक समिति

संयोजक - उत्तरकुमार पराजुली, पूर्व उपसचिव, नेपाल सरकार
सदस्य - डा. नारायणप्रसाद पन्थ, उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस
सदस्य - डा. टङ्कप्रसाद पन्थ, उपप्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
सदस्य - गुणाकर ज्ञवाली, सामाजिक विकास समिति संयोजक
सदस्य सचिव - टीकाराम आचार्य, शिक्षा अधिकृत

## पाठ्यक्रम मस्यौदा लेखन समिति

संयोजक - टीकाराम आचार्य, शिक्षा अधिकृत

सदस्य - हरिप्रसाद चुदाली

सदस्य - रमेश पन्थ

**प्राविधिक सहयोग** - विनोद न्यौपाने शर्मा

## प्राक्कथन

स्थानीय पाठ्यक्रम स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञताको प्रयोग गरी निर्माण गरिने पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले सबै क्षेत्र र वर्गका आवश्यकता एवम् विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो ।

नेपाल बहुधार्मिक, बहुजातीय र बहुभाषिक राष्ट्र हो । नेपालमा विभिन्न किसिमका भाषा, सभ्यता, पेसा, संस्कृति, भेषभूषा र भूगोलहरू छन् । त्यसकारण विभिन्न भौगोलिक क्षेत्रमा बस्ने विभिन्न सम्प्रदायका मानिसहरूका आ-आफ्नै विशिष्ट पहिचान छन् । नेपालको संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र संवर्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रूपमा सुरक्षित गरेको छ । साथै विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरूले समेत विविधतायुक्त पहिचान भएका भाषा, सम्प्रदाय र सभ्यताको संरक्षण एवम् संवर्धन गर्ने कुरालाई जोड दिइएका छन् ।

नेपालमा शैक्षिक सुधारका लागि विभिन्न शिक्षा समिति र आयोगका प्रतिवेदनहरूले शिक्षालाई विकेन्द्रित गर्ने प्रयासस्वरूप पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई महत्त्व दिँदै आएको पाइन्छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६' ले आधारभूत तहको पाठ्यक्रममा स्थानीय विषयलाई समावेश गरी स्थानीय पाठ्यक्रमको महत्त्वलाई विशेष जोड दिइएको पाइन्छ । साथै 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६' ले समेत स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा स्पष्ट मार्गदर्शन र सहजीकरण गरेको देखिन्छ ।

छत्रकोट गाउँपालिकाले पाठ्यक्रम निर्माणसम्बन्धी विज्ञहरू, शिक्षाविद्, जनप्रतिनिधि, स्थानीय स्तरका बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावकसमेत बसी छलफल, अन्तरक्रिया तथा कार्यशाला आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा छत्रकोट गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र संस्कृति, पर्यटन, पेसा, प्रविधि तथा उद्यमशीलता, स्वास्थ्य र सरसफाइ, स्थानीय व्यक्तित्व र प्रशासनिक संरचनालगायतका विषयवस्तुलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि **हाम्रो छत्रकोट** नामको स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने नीतिनिर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति छत्रकोट गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस गाउँपालिकाले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

.............

**रामप्रसाद पाण्डेय**
**अध्यक्ष**
**छत्रकोट गाउँपालिका, गुल्मी**

| क्र.सं. | विषयसूची | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १-२ |
| २. | विषयक्षेत्र | ३ |
| ३. | स्थानीय पाठ्यक्रमको औचित्य तथा आवश्यकता | ४ |
| ४. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ५ |
| ५. | विद्यालय शिक्षाको संरचना | ६ |
| ६. | आधारभूत शिक्षाको पाठ्यक्रम संरचना | ६-७ |
| ७. | आधारभूत तहका तहगत सक्षमता | ७ |
| ८. | स्थानीय पाठ्यक्रमका तहगत सक्षमता | ८ |
| ९. | स्थानीय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि | ८-१२ |
| १०. | विषयवस्तुको क्षेत्र र क्रम | १३-१८ |
| ११ | विषयवस्तुको विस्तृतीकरण | १९-४७ |
| १२. | स्थानीय पाठ्यक्रमको कार्यघन्टी विभाजन तालिका | ४८ |
| १३. | सिकाइ सहजीकरण प्रक्रिया | ४९ |
| १४. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ४९-५० |
| १५. | पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | ५० |
| १६. | समय निर्धारण | ५१ |
| १७. | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण तथा कार्यान्वयन | ५१ |
| १८. | पाठ्यक्रम परिमार्जन | ५१ |

# १. परिचय

नेपाल एक विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक विविधताले गर्दा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले सबै क्षेत्र, वर्ग र समुदायका आवश्यकता पूरा गर्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । तसर्थ स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताहरूलाई दृष्टिगत गर्दै त्यहाँका नागरिकको अपनत्व हुने गरी सम्बन्धित सरोकारवालाहरूले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गरिने पाठ्यक्रम हो ।

ऐतिहासिक रूपले नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखापर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई जोड दिएको देखिन्छ । औपचारिक रूपमा भने स्थानीय पाठ्यक्रम निर्माणको अवधारणा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलोपटक ल्याएको हो । यसमा स्थानीय विषय वा मातृभाषामध्ये कुनै एकलाई विद्यालयले छनोट गरी पढाउन पाउने र त्यसको साप्ताहिक पाठ्यभार ३ र पूर्णाङ्क १०० हुने व्यवस्था गरिएको थियो तर उक्त व्यवस्था कार्यान्वयनमा आउन सकेन । त्यसपछि प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ( कक्षा १-३) र २०६५ (कक्षा १-५) मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषयवस्तु शिक्षण गर्ने प्रावधान राखियो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ ले समेत स्थानीय पाठ्यक्रममा जोड दिँदै साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषयलाई आधारभूत तहको पाठ्यक्रममा समावेश गर्‍यो । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७१ मा आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ काअनुसार कक्षा १-३ मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ घन्टा ५ र वार्षिक रूपमा १६० कार्य घन्टा हुने व्यवस्था गरेको छ । कक्षा ४-८ सम्म पाठ घन्टा ४ र वार्षिक रूपमा १२८ कार्य घन्टा कायम गरेको छ । यसरी विद्यालय तहको पाठ्यक्रममा स्थानीय विषयको प्रस्ट व्यवस्था गरेपश्चात् स्थानीय विज्ञता, स्थानीय सहभागिता र स्थानीय विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

स्थानीय विविधता र विशिष्टतालाई समेटेर निर्माण गरिएको यस पाठ्यक्रमले छत्रकोट गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले आफ्नो टोल, गाउँ र सिङ्गो गाउँपालिकाको समाज, भूगोल, इतिहास र संस्कृतिका साथै यहाँका महत्त्वपूर्ण ऐतिहासिक, सांस्कृतिक, सामाजिक र भौगोलिक सम्पदाको ज्ञान हासिल गर्नेछन् । साथै स्थानीय पेसा, व्यवसाय र प्रविधिको विकास र संरक्षणमा समेत यो पाठ्यक्रम कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूमा विपद् र विपद् व्यवस्थापनप्रति सजगता एवम् असल सामाजिक संस्कारको विकास गर्न यस पाठ्यक्रमले सहयोग गर्नेछ ।

स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, पाठयक्रमविद् लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशालाको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा छत्रकोट गाउँपालिकाका स्थानीय समाज, यहाँका ऐतिहासिक र प्राकृतिक स्रोतसाधन, सामाजिक संस्कार, संस्कृति, पर्यटकीय सम्भावना, स्थानीय पेसा, व्यवसाय र प्रविधि, स्वास्थ्य र खेलकुद, विपद् र विपद् व्यवस्थापन, विविध सामाजिक संस्थालगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रमका रूपमा यो पाठ्यक्रम विकास गरिएको छ ।

स्थानीय पाठ्यक्रमले यस क्षेत्रको समृद्धिका सपनालाई साकार पार्न र यस क्षेत्रका आधारभूत तहमा अध्ययनरत भविष्यका कर्णधाररूपी बालबालिकालाई आफू र आफ्नो पहिचानप्रति गर्व गर्ने बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । विशेष रूपमा भन्नुपर्दा स्थानीय पेसा, व्यवसाय र रोजगारीप्रति सजग रहँदै आवश्यकताअनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख जनशक्तिको विकास गर्ने एवम् स्थानीय कला, संस्कृति, सौन्दर्य, आदर्श र वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारमा सहयोग गर्नेजस्ता शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नसमेत यो पाठ्यक्रम सहायकसिद्ध हुने अपेक्षा गरिएको छ ।

## २. विषयक्षेत्र

प्रस्तुत पाठ्यक्रमले मूलभूत रूपमा छत्रकोट गाउँपालिकाको सेरोफेरोलाई समेटेको छ । छत्रकोट गाउँपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य र सरसफाइ, शारीरिक सिप र व्यायाम, स्थानीय खेल, वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकताको मध्यनजर गरी आधारभूत तह (१-८) मा अध्ययनरत बालबालिकालाई केन्द्रबिन्दु मानी यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्न विषयक्षेत्रलाई समेटेको छ :

(क) गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्था र प्रशासनिक संरचना,

(ख) छत्रकोट गाउँपालिकाको प्राकृतिक स्रोतसाधन ( वनजङ्गल, पहाड, जडीबुटी, नदीनाला, तालतलैया, झरना, कुवा, ढुङ्गेधारा, खानी, आदि ) जैविक विविधता तथा वातावरण,

(ग) स्थानीय साहित्य, कला, संस्कृति, जातजाति, मठ, मन्दिर, चैत्य, विहार, गुम्वा, जात्रा, पर्व, मेला, मूल्यमान्यता, नातासम्बन्ध, भाषा, भेषभूषा, गीत, सङ्गीत बाजागाजा,

(घ) स्थानीय ऐतिहासिक, पर्यटकीय, धार्मिक र सांस्कृतिक सम्पदा,

(ङ) स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि,

(च) पोषण, खानपिन, सरसफाइ, शारीरिक सिप, योग, ध्यान, सरसफाइ, भोजन, व्यायाम, दुर्व्यसन तथा कुलतसम्बन्धी सचेतना र स्थानीय खेलहरू,

(छ) विपद् व्यवस्थापन र सुरक्षित विद्यालय ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पेसा, व्यवसाय र रोजगारीलाई सम्बोधन गर्दै आवश्यकताअनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी, सिपयुक्त र रोजगारी उन्मुख जनशक्तिको विकास गर्ने एवम् नेपाली कला, संस्कृति, सौन्दर्य, आदर्श र वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तार र समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिर्माणका लागि मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । स्थानीय विषयको पठनपाठन गर्न एवम् आफ्नोपन, मौलिकता र परम्परालाई स्थानीय पहिचानको धरोहरका रूपमा स्थापित गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता परेको हो । शिक्षामा विकेन्द्रीकरण र विविधताको व्यवस्थापन गर्न एवम् सामाजिक न्याय स्थापनाका लागि स्थानीय पाठ्यक्रमको आवश्यकतालाई विभिन्न अध्ययन अनुसन्धानहरूले जोड दिएका छन् ।

राष्ट्रिय पाठ्यक्रमले देशको विविध विशेषता बोकेका सबै क्षेत्रका आवश्यकता सम्बोधन गर्न नसक्ने हुँदा स्थानीय परिवेशअनुसारका ज्ञान र सिपआर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकाले र संवैधानिक तथा नीतिगत रूपमा उल्लिखित प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले छत्रकोट गाउँपालिकाले स्थानीय पाठ्क्रम तयार गरेको हो । स्थानीय पाठ्क्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

(क) गाउँपालिकाभित्रका स्थानीय आवश्यकता र सामाजिक परिवेशसँग सम्बन्धित पाठ्यवस्तुलाई पाठ्यक्रममा समावेश गरी बालबालिकालाई स्थानीय परिवेशसँग परिचित गराउनु,

ख) गाउँपालिका र जिल्लाभित्र रहेका भौगौलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र प्राकृतिक सम्पदाका बारेमा परिचित गराउनु,

ग) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारीलाई माया गर्ने उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी स्थानीय कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्नु,

(घ) स्थानीय कला, साहित्य, संस्कृति, भाषाभाषी र परम्पराको पहिचान गरी संरक्षण तथा संवर्धन गर्नु,

(च) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक तथा वातावरणीय विविधतालाई सम्बोधन गर्नु,

(छ) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्न,

(ज) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन,

(झ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी स्वावलम्बी हुने ढङ्गको शिक्षा प्रदान गर्नु,

ञ) स्थानीय परिवेशअनुसार विपद् र विपद् व्यवस्थापनसम्बन्धी अवधारणाको विकास गर्नु गराउनु ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय शिक्षा पाठ्यक्रम २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य निम्नानुसार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील र सिपयुक्त नागरिक तयार गर्ने,

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्रनिर्माणमा मद्दत गर्ने,

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

१०.नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

१२. सामाजिक न्यायमा आधारित संमृद्ध राष्ट्रनिर्माणका निमित्त आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ५. विद्यालयशिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ काअनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ :

| विद्यालय शिक्षाको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ वर्ष | |

| | | | |
|---|---|---|---|
| आधारभूत तह | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ६. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

### क. कक्षा १-३ को पाठ्यक्रम संरचना

| क्र.सं | विषयसम्बन्धी क्रियाकलाप | पाठ घन्टा | कार्य घन्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | भाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

### ख. कक्षा ४-५ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय | पाठ घन्टा | कार्य घन्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | भाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**ग. कक्षा ६-८ को पाठ्यक्रम संरचना**

| क्र.सं | विषय | पाठ घन्टा | कार्य घन्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**७. आधारभूत तह (कक्षा १-५) का तहगत सक्षमता**

(क) छत्रकोट गाउँपालिकाको सामान्य परिवेशसँग (भौगोलिक संरचना, जनसङ्ख्या, सिमाना आदि) परिचित भई आफ्नो पहिचानप्रति गौरवानुभूति प्रवर्धन,

(ख) स्थानीय कला, साहित्य र संस्कृतिसँग परिचित भई तिनको संरक्षण र संवर्धन एवम् सिर्जनशीलताको विकास,

(ग) स्थानीय स्रोत, साधन तथा गाउँपालिकाका सम्पदाहरूको संरक्षण, संवर्धन र विकासमा क्रियाशीलता प्रवर्धन,

(घ) स्थानीय पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान एवम् सोसम्बन्धी जीवनोपयोगी सिपहरूको प्रवर्धन, विकास र प्रयोग,

(ङ) स्वस्थकर बानी पूर्वीय संस्कार र शारीरिक तन्दुरुस्तीको सचेतना र अवलम्बन,

(च) विपद् र वातावरण संरक्षणप्रति सचेतनाको विकास तथा हरित विद्यालय अवधारणाको अवलम्बन,

(छ) स्थानीय विशिष्ट व्यक्तित्व र अग्रज एवम् तिनको योगदानप्रति सम्मान गर्ने बानीको विकास,

(ज) स्थानीय वातावरण तथा जैविक विविधताको पहिचान, वर्गीकरण र महत्त्वबोध,

(झ) सरसफाइ र फोहोरमैला व्यवस्थापनप्रति सचेतनाको विकास र प्रयोग ।

## ८. आधारभूत तह -कक्षा ६-८) का तहगत सक्षमता

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा ६-८) का विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमताहरू निम्नबमोजिम रहेका छन् :

- देशप्रेम र राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,
- भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
- सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
- मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता,
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास,
- स्थानीय, आधुनिक पेसा, व्यावसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सिपको प्रयोग,
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण, संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्वबोध तथा स्वीकार,
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

# ९. स्थानीय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि

## कक्षा १

१. आफूर आफ्नो गाउँ वा टोलको नाम बताउन,
२. आफ्नो परिवारका सदस्यहरूको नाम, काम (पेसा) र नाता बताउन,
३. आफ्नो गाउँठाउँको नाम र त्यसको सार्थकताबारे बताउन,
४. स्थानीय समुदायभित्र रहेका प्रमुख नदीनाला, पोखरी, डाँडाको पहिचान गरी नाम बताउन,
५. आफ्ना घर वरिपरि पाइने बोटविरुवा तथा झारपातहरूको पहिचान गर्न,
६. आफ्नो वरिपरि रहेका प्राकृतिक स्रोत साधनहरूको नाम बताउन,
७. स्थानीय प्रमुख अन्नबाली तथा फलफूल र तरकारीहरूको बारेमा बताउन,
८. घरपालु वा पशुपक्षीको पहिचान गर्न र बासस्थानबारे बताउन,
९. स्थानीय खाद्यबालीबाट निर्मित खानाका परिकारहरूको नाम बताउन,
१०. राष्ट्रगान, सरस्वती वन्दना, बाल गीत गाउन तथा बाल कविताहरू वाचन गर्न,
११. आफ्नो गाउँ/टोलभित्रका ऐतिहासिक र धार्मिक महत्त्वका मठ, मन्दिरको नाम बताउन,
१२. स्थानीय खानपिनमा प्रयोग हुने विभिन्न परिकारको नाम भन्न,
१३. आफ्नो विद्यालयका प्र.अ. र शिक्षकहरूका नाम बताउन,
१४. स्थानीय स्तरमा प्रयोग गरिने लोक बाजाहरूको नाम भन्न र स्थानीय लोक गीत, भजन तथा सङ्गीतसित परिचित हुन,
१५. आफ्ना परिवार तथा समुदायमा मनाइने चाडबाड, खाइने विशेष खाना तथा सांस्कृतिक क्रियाकलापका बारेमा बताउन,
१६. स्थानीय खानपानमा प्रयोग हुने परिकारका नाम भन्न,
१७. सूचना, सञ्चार प्रविधि तथा यातायातका साधनहरूको नाम भन्न,
१८. व्यक्तिगत सरसफाइका क्रियाकलापहरू गर्न,
१९. शारीरिक व्यायाम, योग, ध्यानसँग परिचित भई आधारभूत अभ्यास गर्न,
२०. स्थानीय खेलहरूको नाम भन्न र अभ्यास गर्न,
२१. प्राकृतिक प्रकोपको परिचय दिन र घर परिवार तथा समुदायमा हुन सक्ने दुर्घटना र सुरक्षाका उपायबारे बताउन ।

## कक्षा २

१. आफू र आफ्नो साथीको नाम ठेगाना बताउन,
२. आफ्नो परिवारको कुटुम्बीय नाता र पेसा बताउन,
३. आफ्नो गाउँ/टोलमा कार्यरत सामुदायिक सङ्घसंस्थाहरूका नाम बताउन,
४. आफ्नो गाउँपालिकाको नाम र त्यसको सार्थकता बताउन,
५. स्थानीय प्राकृतिक स्रोत साधन बताउन,
६. घरपालुवा तथा जङ्गली पशुपक्षीहरूको नाम पहिचान गर्न र बासस्थान बताउन,
७. स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरूको सूचीकरण गर्न र उपयोगिता बताउन,
८. आफ्नो गाउँ/टोलमा उत्पादन हुने दुध तथा दुग्धजन्य पदार्थ उत्पादन, अन्न, फलफूल र तरकारी बालीको पहिचान गरी वर्गीकरण गर्न,
९. राष्ट्रगान, सरस्वती वन्दना, बाल गीत गाउन, बालकविताहरू वाचन, अनुलेखन र लेखन अभ्यास गर्न,
१०. वडाभित्रका धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थलहरूको नाम बताउन,
११. पारिवारिक संस्कारसँग परिचित भई असल बानी बसाल्न,
१२. स्थानीय स्तरमा गाइने लोक गीत, सङ्गीत, भजन, बाजा तथा बजाउने तरिका बताउन,
१३. आफ्ना परिवार तथा समुदायमा मनाइने सांस्कृतिक क्रियाकलाप र भेषभूषा बताउन,
१४. आफ्ना परिवार तथा समुदायमा मनाइने चाडबाड, खाइने विशेष खाना तथा सांस्कृतिक क्रियाकलापका बारेमा बताउन,
१५. आफ्नो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्षको नाम बताउन,
१६. सूचना, सञ्चार प्रविधि तथा यातायातका साधनका नाम र काम बताउन,
१७. स्वस्थ जीवनका लागि स्वस्थकर खाना, व्यायाम, योग, ध्यानका सामान्य अभ्यास गर्न,
१८. व्यक्तिगत तथा वातावरणीय सरसफाइलाई व्यवहारमा प्रयोग गर्न,
१९. स्थानीय खेलसँग परिचित भई सम्बन्धित आधारभूत सिपको अभ्यास गर्न,
२०. प्राकृतिक प्रकोपबाट सुरक्षित हुने उपाय बताउन ।

**कक्षा ३**

१. छत्रकोट गाउँपालिकाको परिचय र सिमाना बताउन,
२. छत्रकोट गाउँपालिकाभित्रका प्रमुख प्राकृतिक र ऐतिहासिक स्थलका नामका बारेमा बताउन,
३. परिवार र समुदायका व्यक्तिसँग संवाद गर्दा शिष्टाचारका शब्दहरूको प्रयोग गर्न,
४. आफ्नो गाउँ/टोलमा कार्यरत सामुदायिक सङ्घसंस्थाका नाम र काम बताउन,
५. स्थानीय प्राकृतिक स्रोतसाधनको पहिचान गरी वर्गीकरण गर्न,
६. घरपालुवा पशुपक्षीको उपयोग र जङ्गली जनावर एवम् पक्षीसँग परिचित हुन,
७. आफ्नो परिवार र समुदायका व्यक्तिहरूका पेसा र व्यवसाय बताउन,

८. स्थानीय सिप र प्रविधिको परिचय दिन,
९. स्थानीय अन्नबाली, फलफूल, तरकारी, दुध तथा दुग्धजन्य पदार्थ, जडीबुटीको महत्त्व बताउन,
१०. स्थानीय सांस्कृतिक विविधताबारे बताउन,
११. विभिन्न कविता लय मिलाई वाचन गर्न, कथा, निबन्ध तथा जीवनी सस्वर वाचन गर्न,
१२. स्थानीय स्तरमा गाइने लोकगीत, सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका बताउन,
१३. आफ्ना परिवार तथा समुदायमा मनाइने चाडबाड, खाइने विशेष खानाको महत्त्व बताउन तथा सांस्कृतिक क्रियाकलापका बारेमा बताउन,
१४. आफ्नो वडाभित्रका केही स्थान नाम र त्यसको सार्थकता बताउन,
१५. आफ्नो विद्यालय रहेको वडाको वडा अध्यक्ष र सदस्यका नाम बताउन,
१६. वातावरणीय सरसफाइको व्यवहारिक प्रयोग गर्न,
१७. सूचना, सञ्चार प्रविधि तथा यातायातका साधनहरूको महत्त्व बताउन,
१८. स्वस्थ रहन स्वस्थ आहारविहार, व्यायाम, योग तथा ध्यानका सामान्य आसनका सम्बन्धमा परिचित भई अभ्यास गर्न,
१९. साधारण खेलहरूसँग परिचित भई सम्बन्धित आधारभूत शारीरिक सिपको अभ्यास गर्न,
२०. प्राकृतिक प्रकोपका प्रकारसँग परिचित भई प्रकोपबाट सुरक्षित हुने उपाय बताउन ।

**कक्षा ४**

१. छत्रकोट गाउँपालिकाको परिचय दिन र भौगोलिक संरचना बताउन,
२. गुल्मी जिल्लाका स्थानीय तहहरूका नाम बताउन,
३. वडा समितिको संरचनासँग परिचित हुन,
४. आफ्नो वडामा कार्यरत सामुदायिक सङघसंस्थाको नाम र कामसँग परिचित हुन,
५. वातावरणीय सरसफाइ तथा वातावरण संरक्षणका उपायलाई व्यवहारमा प्रयोग गर्न, शौचालय, मलखाद, जुठ्यान, प्लास्टिकका फोहोर व्यवस्थापन गर्न र मरेका पशुपक्षीलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न,
६. श्रमप्रति सकारात्मक सोच, आर्थिक उपार्जन, सामुदायिक काममा सहयोग र सम्मान गर्न,
७. स्थानीय स्रोत, साधनबाट विगत र वर्तमानमा वस्तु उत्पादनसम्बन्धी स्थानीय प्रविधि बताउन,
८. कृषि र पशुपक्षी पालनका फाइदा, उत्पादनमा आवश्यक सामग्रीका बारेमा परिचित हुन,
९. स्थानीय सांस्कृतिक क्रियाकलापसँग परिचित भई सहभागी हुन,
१०. स्थानीय स्तरमा गाइने लोक गीत, सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका बताउन,
११. छत्रकोट गाउँपालिकाका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको परिचय दिन,
१२. आफ्नो गाउँपालिकाभित्रका प्रसिद्ध स्थानका नाम र त्यसको सार्थकता बताउन,
१३. विद्यालय नहुँदाका समयमा पठनपाठनका तरिका र विद्यालय स्थापना कालको सङ्क्षिप्त इतिहाससमेत बताउन ।
१४. आफ्ना परिवार तथा समुदायमा मनाइने चाडबाड, खाइने विशेष खानामा अपनाउनुपर्ने सतर्कता तथा सांस्कृतिक क्रियाकलापका बारेमा बताउन,

१५. सूचना, सञ्चार प्रविधिका साधनहरूको सामान्य प्रयोग गर्न,
१६. पत्रु खाना (जङ्क फुड) का नकारात्मक असर र पोषणयुक्त खानाको प्रभावसँग परिचित हुन,
१७. शारीरिक र मानसिक सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्न आवश्यक विभिन्न व्यायाम र योगध्यानसँग परिचित भई तिनको अभ्यास गर्न,
१८. फोहोरमैला व्यवस्थापनमा अपनाउनुपर्ने सतर्कता बताउन,
१९. स्थानीय खेलसँग सम्बन्धित सिपको प्रदर्शन गर्न र खेलका अभ्यास गर्न,
२०. प्राकृतिक प्रकोपका कारणसँग परिचित भई प्रकोप आउनुपूर्व सुरक्षाका उपाय बताउन,

**कक्षा ५**

१. छत्रकोट गाउँपालिकाको भौगोलिक बनावट, प्रशासनिक संरचना तथा जनसाङ्ख्यिक स्थितिसँग परिचित हुन,
२. पारिवारिक र सामुदायिक कार्यमा आफूले सक्दो सहयोग गर्न,
३. वडा समितिका कार्यसँग परिचित हुन,
४. आफ्नो गाउँपालिकामा कार्यरत सामुदायिक सङ्घसंस्थाका नाम र कामसँग परिचित हुन,
५. छत्रकोट गाउँपालिकाभित्रको जैविक विविधताको पहिचान र संरक्षणका उपायसँग परिचित हुन,
६. वातावरणीय सरसफाइ तथा वातावरण संरक्षणका उपायलाई व्यवहारमा प्रयोग गर्न, शौचालय, मलखाद, जुठ्यान, प्लास्टिकका फोहोर व्यवस्थापन गर्न र मरेका पशुपक्षीलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न,
७. वातावरण प्रदूषणका कारण र यसका निराकरणकाउपाय बताउन,
८. स्थानीय प्रविधि र सिपसँग परिचित हुँदै तिनको संरचना र कार्यको जानकारी लिन,
९. स्थानीय कृषि उत्पादन, भण्डारण तथा वितरणका बारेमा बताउन,
१०. छत्रकोटका घरेलु तथा साना उद्योगसँग परिचित हुँदै तिनका फाइदा बताउन,
११. स्थानीय कृषिमा प्रयोग हुने सामग्रीको नाम, काम, सामग्री उत्पादन र सुरक्षा गर्ने सिप बताउन,
१२. छत्रकोट गाउँपालिकाका प्रमुख प्राकृतिक तथा सांस्कृतिक सम्पदाको परिचय, महत्त्व र तिनीको संरक्षणका उपायसँग परिचित हुन,
१३. आफ्नो गाउँपालिकाभित्रका प्रसिद्ध स्थानका नाम र तिनको सार्थकता बताउन,
१४. स्थानीय स्तरमा गाइने लोक गीत, सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका बताउन,
१५. सामाजिक मूल्यमान्यता र नियमको पालना गरी असल नागरिकका गुणको अभ्यास गर्न,
१६. छत्रकोटका प्रमुख पर्यटकीय क्षेत्रको परिचय दिन तथा पर्यटनबाट हुने फाइदा बताउन,
१७. समाजका कुलत एवम् कुप्रथासँग बच्ने उपाय बताउन,
१८. विद्यालय नहुँदाका बखत पठनपाठनको तरिका, विद्यालय स्थापनाकालको सङ्क्षिप्त इतिहास बताउन ।
१९. सूचना तथा सञ्चार प्रविधिका साधनहरूको सुरक्षित प्रयोग गर्न,
२०. स्थानीय पोषणयुक्त परिकार बनाउने सिपसँग परिचित भई अभ्यास गर्न,
२१. सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्न आवश्यक विभिन्न व्यायाम, योग, ध्यान, आहारविहारसँग परिचित भई तिनको अभ्यास गर्न,

२२. स्थानीय खेलको प्रतिस्पर्धात्मक सिपको प्रदर्शन गर्न र खेलको अभ्यास गर्न,
२३. सुरक्षित आवासको महत्त्व बताउन,
२४. प्राकृतिक प्रकोप र महामारीका कारणसँग परिचित भई प्रकोप र महामारी व्यवस्थापनका तरिका बताउन,

**कक्षा ६**

१. छत्रकोट गाउँपालिकाको ऐतिहासिक परिचय दिन,
२. छत्रकोट गाउँपालिकाको नक्सा बनाई मुख्य स्थलहरू देखाउन,
३. छत्रकोट गाउँपालिकाको संरचनागत जनसङ्ख्या बताउन,
४. जनप्रतिनिधिको परिचय र वडा कार्यालयको भूमिका बताउन,
५. वडा कार्यालयले उपलब्ध गराउने सेवाको वर्णन गर्न,
६. वनका प्रकार, पहिचान र वृक्षारोपणको समय, महत्त्व र वृक्षारोपण सिप विकास गर्न,
७. करेसाबारीको निर्माण र उत्पादनसम्बन्धी अभ्यास गर्न,
८. फोहरमैला नियन्त्रणका उपाय बताउन,
९. खानेपानी शुद्धीकरणका स्थानीय विधिको खोजी र अवलम्बन गर्न,
१०. वातावरण तथा जैविक विविधता संरक्षणका तरिका पहिचान गर्न र दिगो विकासको महत्त्व बताउन,
११. तरकारी खेतीका लागि प्लास्टिक टनेलको निर्माण प्रक्रिया र महत्त्व बताउन,
१२. तरकारी खेती, फलफूल खेती, दुध तथा मासु उत्पादनका लागि पशुपक्षी पालनमा बिउ/प्रजातिको छनोट, रोग पहिचान र रोकथामका उपाय बताउन,
१३. कफी खेतीको व्यावसायिक महत्त्व र उत्पादन प्रक्रिया बताउन,
१४. छत्रकोट गापाभित्रका प्रमुख धार्मिक तथा सांस्कृतिक स्थलको परिचय, विकास र संरक्षण प्रक्रिया बताउन,
१५. स्थानीय हस्तकला, शिल्पकला र लोक बाजाका विशेषता र महत्त्व बताउन,
१६. दलाने तथा पिँढी पाठशालाको सङ्क्षिप्त इतिहास र विद्यालय स्थापना कालको सङ्क्षिप्त इतिहास बताउन,
१७. विपद् पूर्वको तयारी र प्रकोपलाई विपद्मा परिणत हुन नदिने सिप विकास गर्न,
१८. विपद् जोखिम न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न,
१९. सम्भावित प्रमुख प्रकोप (भूकम्प, आगलागी, भूक्षय आदि) को जोखिम न्यूनीकरण गर्न र बच्ने उपाय बताउन,
२०. गाउँपालिका क्षेत्रभित्रका लब्धप्रतिष्ठित व्यक्तिको सङ्क्षिप्त जीवनी बताउन,
२१. सिर्जनात्मक सोचको प्रवृत्ति विकास गर्न गाउँखाने कथा, अत्तो थाप्ने, समस्यापूर्तिजस्ता क्रियाकलापमा सहभागी हुन ।
२२. सामाजिक गणित र रैथाने विज्ञानका बारेमा बताउन ।

२३. स्थानीय खोलानाला तथा पोखरीको परिचय र उपयोगिता बताउन,
२४. सञ्चार माध्यमको परिचय र भूमिका बताउन,
१७. सूचनाको परिचय दिन र विपद्मा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न,
१८. सन्तुलित भोजनको परिचय र महत्त्व बताउन,
१९. स्थानीय सामग्रीको प्रयोग गरी सर्वोतम पिठो तयार पार्न,
२०. चाडपर्वअनुसार तयार गरिने फरकफरक परिकारको सूची बनाउन,
२१. सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्न आवश्यक विभिन्न व्यायामहरू, योग, ध्यान, आहारविहारसित परिचित भई तिनको अभ्यास गर्न,
२२. सरस्वती वन्दनाको दैनिक प्रयोग गर्न र स्थानीय स्तरमा गाइने लोकगीत सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका बताउन,
२३. आफ्नो समुदायमा खेलिने खेलहरू, खेल सामग्री र खेलस्थलको पहिचान गर्न,
२४. प्रकोप र विपद् बिचमा भिन्नता छुट्टाउन,

**कक्षा ७**

१. छत्रकोट गाउँपालिकाको प्रशासनिक संरचना बताउन,
२. गुल्मी जिल्लाको नक्सा बनाई छत्रकोट गाउँपालिकाभित्र पर्ने प्रमुख स्थलहरू देखाउन,
३. छत्रकोट गाउँपालिकाको भौगोलिक स्वरूप (समुन्द्री सतहदेखिको उचाइ, हावापानी, सङ्घीय राजधानीसम्मको दूरीलगायत) वर्णन गर्न,
४. वडा प्रतिनिधिहरूको छनोट प्रक्रिया बताउन,
५. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका काम बताउन,
६. सामुदायिक वनको परिचय र आवश्यकता उल्लेख गर्न तथा वृक्षरोपण अभियान सञ्चालनमा सहयोग गर्न,
७. स्थानीय स्तरमा मौसमअनुसारका तरकारी तथा फलफूल खेती गर्ने सिपको विकास गर्न,
८. घरायसी उपयोग भइसकेको पानीलाई सिँचाइमा प्रयोग गर्न र ठोस फोहर मैलालाई कम्पोस्ट मल निर्माण गर्ने सिप विकास गर्न,
९. जैविक विविधता र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गरिएका प्रयासहरूको पहिचान गर्न र दिगो विकासको महत्त्व बताउन,
१०. मौसमी र बेमौसमी खेतीको परिचय दिन र खेतीको महत्त्व तथा उत्पादन प्रक्रिया वर्णन गर्न,
११. प्लास्टिक पोखरीको महत्त्व बताउन र निर्माण सिपको विकास गर्न,
१२. कृषि तथा पशुपक्षी पालनमा बिउ/प्रजातिको छनोट, रोग पहिचान र रोकथाम बताउन,
१३. समुदायलाई दुध तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने उपायको खोजी गर्न,
१४. स्थानीय स्तरमा गाइने लोक गीत, सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका र स्थानीय नाचगानको परिचय तथा सहभागिता जनाउन,

१५. स्थानीय स्तरमा तयार गरिने खाद्य परिकारको सूची बनाउन र तिनीहरूमध्ये स्वास्थ्यबर्द्धक र स्वास्थ्यलाई हानी गर्ने परिकार छुट्ट्याउन,
१६. औषधीजन्य गुण भएका भान्साका खाद्यको पहिचान गरी प्रयोग गर्न,
१७. सूचना प्रविधिको महत्त्व र प्रयोग बताउन,
१८. आधुनिक विज्ञान प्रविधि र उपकरणको सुरक्षित प्रयोग गर्न,
१९. कृषिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न,
२०. स्वस्थकर र अवस्थकर खानाको पहिचान गरी चाडपर्वमा हुने खानपान व्यवहारमा सतर्कता अपनाउन,
२१. आत्मानुशासनको परिचय दिई सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्नाका निम्ति आवश्यक विभिन्न व्यायामहरू, योग, ध्यान र उचित आहारविहारसँग परिचित भई तिनको अभ्यास गर्न,
२२. खेलकुदको महत्त्व बताउँदै स्थानीय स्तरमा खेलिने खेलका विधि तथा नियमहरू बताउन र तिनको अभ्यास गर्न,
२३. विपद् जोखिम न्यूनीकरणको परिचय दिन र विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका चरणमा गरिने कार्य बताउन,
२४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय सरोकारवालाको पहिचान तथा सम्पर्क नं. सहित सूचीकृत गर्न (नेपाल रेडक्रस, दमकल, एम्बुलेन्स, सञ्चार माध्यम, अस्पताल आदि )
२५. दलाने तथा पिँढी पाठशालाको परिचयात्मक इतिहास र विद्यालय स्थापनाकालको सङ्क्षिप्त इतिहास बताउन,
२६. गाउँपालिका क्षेत्रभित्रका लब्ध प्रतिष्ठित व्यक्तिको सङ्क्षिप्त जीवनी वताउन,
२७. सिर्जनात्मक सोचको प्रवृत्ति विकास गर्न गाउँखाने कथा, अत्तो थाप्ने, समस्यापूर्तिजस्ता क्रियाकलापमा सहभागी हुन ।

**कक्षा ८**

१. छत्रकोट गाउँपालिकाको भौगोलिक तथा राजनैतिक अवस्था बताउन,
२. लुम्बिनी प्रदेशको नक्सामा गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने मुख्य धार्मिक तथा पर्यटकीय स्थल, मुख्य सडक तथा खोलानालाहरू देखाउन,
३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ का मुख्य विशेषता बताउन,
४. छत्रकोट गाउँसभाको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार बताउन,
५. छत्रकोट गाउँपालिकाद्वारा प्रवाह गरिने मुख्य सेवाहरू बताउन,
६. स्थानीय वनजङ्गलमा पाइने प्रमुख वनस्पतिका उपयोगिता र तिनीको संरक्षण सिप विकास गर्न,
७. विद्यालय, घर तथा वनक्षेत्रमा रहेका खाली जग्गामा वृक्षारोपण गर्ने भावना र सिपको विकास गर्न,
८. पानीको दिगो व्यवस्थापनका लागि आकासे पानी सङ्कलनमा सहयोग पुऱ्याउन,
९. कृत्रिम हरितगृह र हरित विद्यालय निर्माणका आधारभूत पक्षको वर्णन गर्न,
१०. वातावरण प्रदूषण नियन्त्रण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्था र गाउँपालिकाको भूमिका वर्णन गर्न,

११. मोटर बाटो निर्माणमा फालिएका माटो तथा ढुङ्गाले पानीका मुहान, जीवजन्तुका वासस्थान तथा चरन क्षेत्रमा परेका नकारात्मक असरको वर्णन गर्न,
१२. जलवायु परिवर्तनका कारणले जैविक विविधतामा पारेको असर बताउन,
१३. दिगो विकास लक्ष्य प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका र गर्नुपर्ने काम बताउन,
१४. बेमौसमी तरकारी उत्पादन गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न,
१५. थोपा सिँचाइको परिचय, महत्त्व र प्रयोग विधि बताउन,
१६. स्थानीय स्तरमा उत्पादन हुने नगदे बालीको महत्त्व तथा उत्पादन प्रक्रिया बताउन,
१७. कृषि तथा पशुपक्षी पालनमा बिउ/प्रजातिको छनोट, रोग पहिचान र रोकथाम बताउन,
१८. छत्रकोटको वस्तु आयात र निर्यातको स्थिति बताउन,
१९. स्थानीय स्तरमा गाइने लोक गीत, सङ्गीत, भजन, प्रयोग गरिने बाजा तथा बजाउने तरिका र स्थानीय नाचगानको संरक्षणमा गाउँपालिकाको भूमिका बताउन,
२०. छत्रकोट गाउँपालिकाभित्रका विभिन्न स्थानीय धार्मिक तथा सांस्कृतिक स्थलको संरक्षण र विकासमा गाउँपालिकाको भूमिका बताउन,
२१. गाउँपालिकाभित्र रहेका जातजातिबिचको सामाजिक सद्भाव र सहअस्तित्व बताउन,
२२. अभिवादनको अभ्यास तथा असल व्यवहारको अनुसरण गर्न,
२३. सामाजिक विकृतिको परिचय र न्यूनीकरण गर्ने उपाय बताउन,
२४. गाउँपालिका क्षेत्रभित्रका लब्ध प्रतिष्ठित व्यक्तिको सङ्क्षिप्त जीवनी,
२५. सिर्जनात्मक सोचको प्रवृत्ति विकास गर्न गाउँखाने कथा, अत्तो थाप्ने, समस्यापूर्तिजस्ता क्रियाकलापमा सहभागी हुन र खोजी गर्न,
२६. सामाजिक, गणित तथा रैथाने विज्ञानसँग परिचित हुन ।
२७. नागरिकका सूचनासम्बन्धी अधिकार बताउन,
२८. आधुनिक सञ्चार प्रविधिको प्रयोग गर्न र यसका फाइदा बेफाइदा छुट्ट्याउन,
२९. सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न,
३०. पत्रु खाना (जङ्क फुड) को नकारात्मक असर र निषेधको अभियान सञ्चालन गर्न,
३१. कुपोषण र अधिक पोषणका बेफाइदाको पहिचान गर्न,
३२. स्वस्थ रहनका लागि योग, प्रणायाम तथा ध्यानका सिप विकाससहित अभ्यास गर्न,

३३. विभिन्न अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको वर्तमान अवस्थाको पहिचान गर्न,

३४. स्थानीय विभिन्न खेलका नियमहरू सिक्न र अभ्यास गर्न,

३५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्रहरू बताउन र विपद्को समयमा बढी जोखिममा पर्ने वर्गको पहिचान गर्न,

३६. सम्भावित महामारीहरू सूचीकृत गर्न र तिनीका कारण, प्रभाव र रोकथामका उपायप्रति सचेत हुन,

## १०.विषय क्षेत्र निर्धारण(कक्षा १-५)

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **१. म, मेरो परिवार र हाम्रो छत्रकोट** | • आफ्नो नाम र घरको ठेगाना<br>• आफ्ना परिवारका सदस्यहरूको नाम, काम र नाता<br>• आफ्नो गाउँटोलको नाम | • आफू र आफ्ना साथीहरूको नाम र ठेगाना<br>• आफ्नो परिवारका कुटुम्बीय नाता र पेसा<br>• आफ्नो गाउँटोलमा क्रियाशील सङ्घसस्थाहरूका नाम<br>• आफ्नो गाउँपालिकाको नाम | • छत्रकोट गाउँपालिकाको परिचय र सिमाना<br>• गाउँपालिकाभित्रका प्रमुख प्राकृतिक र ऐतिहासिक स्थलहरू<br>• संवाद गर्दा शिष्टाचारका शब्दहरूको प्रयोग<br>• आफ्नो गाउँटोलका सङ्घसंस्थाका नाम र काम | • छत्रकोट गाउँपालिकाको परिचय र भौगोलिक संरचना<br>• गुल्मी जिल्लाका स्थानीय तहहरूका नाम<br>• वडा समितिको संरचना<br>• आफ्नो वडामा कार्यरत सङ्घसंस्थाका नाम र काम | • छत्रकोट गाउँपालिकाको भौगोलिक,प्रशासनिक तथा जनसाङ्ख्यिक स्थिति<br>• पारिवारिक र सामुदायिक कार्यमा सहयोग<br>• वडा समितिका कार्यहरूको परिचय<br>• गाउँपालिकामा क्रियाशील सङ्घसंस्थाको नाम र काम |

| | | | | | |
|---|---|---|---|---|---|
| **२.हाम्रो समुदाय, वातावरण र वरपरका जीवजन्तुहरू** | • स्थानीय समुदायभित्र रहेका प्रमुख नदीनाला, पोखरी र डाँडाका नाम<br>• आफ्नो घर वरिपरि पाइने बोटबिरुवा तथा झारपातका नाम | • स्थानीय प्राकृतिक स्रोत साधन<br>• घरपालुवा तथा जङ्गली पशुपक्षीहरूका नाम र बासस्थान | • स्थानीय प्राकृतिक स्रोत र साधनको पहिचान र वर्गीकरण<br>• घरपालुवा पशुपक्षी र जङ्गली पशुपक्षीहरूको पहिचान | • वातावरणीय सरसफाइ र वातावरण संरक्षणका उपायहरूको व्यावहारिक प्रयोग | • जैविक विविधता र तिनको संरक्षणका उपाय<br>• वातावरण प्रदूषणका कारण र यसका निराकरणका उपायहरू |
| **३.स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि** | • स्थानीय प्रमुख अन्नबाली, फलफूल तथा तरकारीहरू<br>• घरपालुवा पशुपक्षीका नाम र तिनको बासस्थान<br>• स्थानीय खाद्यवालीबाट निर्मित खानाका परिकारहरूको नाम | • स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीको सूचीकरण र उपयोगिता<br>• गाउँटोलमा उत्पादन हुने अन्न, फलफूलका नाम र वर्गीकरण | • आफ्नो परिवार र समुदायका व्यक्तिका पेसा र व्यवसाय<br>• स्थानीय सिप र प्रविधिको परिचय<br>• स्थानीय अन्नवाली, फलफूल, तरकारी, दुग्धजन्य पदार्थ र जडीवुटीको महत्त्व | • श्रमप्रति सकारात्मक सोच,आर्थिक उपार्जन, सामुदायिक काममा सहयोग र सम्मान<br>• स्थानीय स्रोत र साधनबाट विगत र वर्तमानमा वस्तु उत्पादनका स्थानीय प्रविधिको जानकारी<br>• कृषि कर्म र पशुपक्षी पालनका फाइदाहरू र उत्पादनमा आवश्यक सामग्रीको जानकारी | • स्थानीय प्रविधि र सिप<br>• स्थानीय कृषि उत्पादन, भण्डारण तथा वितरण<br>• छत्रकोटका घरेलु तथा साना उद्योग<br>• स्थानीय कृषिमा प्रयोग हुने प्रविधिहरूको नाम, काम र सुरक्षा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.हाम्रो संस्कृति, इतिहास र विशिष्ट व्यक्तित्व | • राष्ट्रगान, सरस्वती वन्दना, बालगीत, बालकविता गान तथा वाचन<br>• आफ्नो गाउँटोलभित्रका ऐतिहासिक र धार्मिक महत्वका मठ, मन्दिरका नाम<br>• स्थानीय स्तरमा प्रयोग हुने लोकगीत सङ्गीतको अभ्यास र लोकबाजाहरूका नाम तथा प्रयोग<br>• आफ्ना परिवार तथा समुदायका सांस्कृतिक क्रियाकलाप<br>• आफ्ना विद्यालयका प्र.अ. तथा शिक्षकहरूका नाम<br>स्थानीय खाद्यपरिकारमा प्रयोग हुने विभिन्नि परिकार | • राष्ट्रगान, सरस्वती वन्दना, बालगीत, बालकविता गान तथा वाचन, अनुलेखन र लेखन अभ्यास<br>• वडाभित्रका धार्मिक महत्वका स्थलहरू<br>• पारिवारिक संस्कार र असल बानी<br>• स्थानीय स्तरमा प्रयोग हुने लोकगीत, सङ्गीतको अभ्यास र लोकबाजाहरूका नाम तथा प्रयोग<br>• आफ्ना परिवार तथा समुदायमा मनाइने सांस्कृतिक क्रियाकलाप र भेषभूषा<br>• आफ्ना वि.व्य.स. अध्यक्ष र शि.अ.सं. अध्यक्षका नाम<br>• चाडबाडमा खाइने विशेष खानाका परिकार | • स्थानीय सांस्कृतिक विविधता<br>• कविताहरू लय मिलाई वाचन र छोटा गद्यरचनाको सस्वरवाचन<br>• स्थानीय स्तरमा प्रयोग हुने लोकगीत सङ्गीतका अभ्यास र लोकबाजाहरूका नाम तथा प्रयोग<br>• आफ्नो वडाभित्रका स्थानका नाम र तिनका सार्थकता<br>• आफ्नो विद्यालय रहेको वडाको वडाध्यक्ष र सदस्यहरूका नाम<br>चाडबाडमा खाइने विशेष खाना र महत्त्व | • स्थानीय सांस्कृतिक क्रियाकलाप र सहभागिता<br>• छत्रकोट गाउँपालिकाका प्राकृतिक तथा सांस्कृतिक सम्पदा<br>• स्थानीय स्तरमा प्रयोग हुने लोकगीत, सङ्गीतको अभ्यास र लोकबाजाहरूका नाम तथा प्रयोग<br>• आफ्नो गाउँपालिकाभित्रका प्रसिद्ध स्थानका नाम र तिनको सार्थकता<br>• विद्यालय नहुँदाका बखतको शिक्षण सिकाइको इतिहास<br>• गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको नाम<br>• चाडबाडमा खाइने विशेष खाना र अपनाउनुपर्ने सतर्कता | • छत्रकोट गाउँपालिकाका प्रमुख प्राकृतिक तथा सांस्कृतिक सम्पदा र तिनको संरक्षण<br>• स्थानीय स्तरमा प्रयोग हुने लोकगीत, सङ्गीतका अभ्यास र लोक बाजाहरूका नाम तथा प्रयोग<br>• सामाजिक मान्यता, नियमको पालना र असल नागरिकका गुणहरू<br>• छत्रकोटका प्रमुख पर्यटकीय क्षेत्र पहिचान र पर्यटनबाट हुने फाइदा<br>• स्थानीय समाजमा रहेका कुलत र कुप्रथा<br>• विद्यालय नहुँदाका बखतको शिक्षण सिकाइको इतिहास<br>• स्थानीय विशिष्ट व्यक्तिहरूको योगदान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • चाडबाडमा खाइने विशेष खाना र अपनाउनुपर्ने सतर्कता<br>• |
| **५.सूचना, सञ्चार तथा यातायात** | • सूचना सञ्चार प्रविधि र यातायातका साधनहरूको नाम | • सूचना सञ्चार प्रविधि र यातायातका साधनहरूका नाम र काम | • सूचना सञ्चार प्रविधि र यातायातका साधनहरूको महत्त्व | • सूचना सञ्चार प्रविधि र यातायातका साधनहरूको सामान्य प्रयोग | • सूचना सञ्चार प्रविधि र यातायातका साधनहरूको प्रयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.स्वास्थ्य, पोषण, खानपिन तथा सरसफाइ | • व्यक्तिगत सरसफाइका क्रियाकलापहरू<br>• स्थानीय खानपिनमा प्रयोग हुने परिकारको नाम,<br>• शारीरिक व्यायाम, योग र ध्यानका आधारभूत अभ्यास | • स्वस्थ जीवनका लागि स्वस्थकर खाना, व्यायाम, योग र ध्यानको अभ्यास<br>• व्यक्तिगत तथा घरायसी सरसफाइको व्यावहारिक प्रयोग | • स्वस्थ रहन स्वस्थ आहारविहार, योग र ध्यानको अभ्यास<br>• वातावरणीय सरसफाइको व्यावहारिक प्रयोग | • पत्रुखाना (जङ्क फुड) का पहिचान, नकरात्मक असरहरू र पोषणयुक्त खानाका प्रभाव<br>• फोहोरमैला व्यवस्थापन<br>• शारीरिक र मानसिक तन्दुरुस्ती कायम गर्न व्यायाम र योग र ध्यानको अभ्यास | • वातावरणीय सरसफाइका तरिका र व्यावहारिक प्रयोग<br>• स्थानीय पोषणयुक्त परिकार बनाउने अभ्यास<br>• सुस्वास्थ्य र तन्दुरुस्तीका लागि व्यायाम, योग, ध्यान, आहारविहार र तिनको अभ्यास |
| ७. खेलकुद | • स्थानीय खेलका नाम र अभ्यास | • स्थानीय खेलहरूको आधारभूत सिप र अभ्यास | • स्थानीय खेलहरूको आधारभूत सिप र अभ्यास | • स्थानीय खेलका सिपको प्रदर्शन | • स्थानीय खेलको प्रतिस्पर्धात्मक सिपको प्रदर्शन |
| ८.प्राकृतिक प्रकोप र व्यवस्थापन | • प्राकृतिक प्रकोप, घरपरिवार र समुदायमा हुन सक्ने दुर्घटना र सुरक्षा | • प्राकृतिक प्रकोपबाट सुरक्षित हुने उपायहरू | • प्राकृतिक प्रकोपका प्रकार र सुरक्षित हुने उपायहरू | • प्राकृतिक प्रकोपका कारण, प्रकोप आउनुपूर्व अपनाइने सुरक्षाका उपायहरू | • सुरक्षित आवासको महत्त्व<br>• प्राकृतिक प्रकोप र महामारी व्यवस्थापनका उपायहरू |

## ११. विषय क्षेत्र निर्धारण (कक्षा ६-८)

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| **१. छत्रकोट गाउँपालिकाको परिचय, स्थानीय संरचना र सेवा प्रवाह** | • छत्रकोट गाउँपालिकाको ऐतिहासिक परिचय दिन<br>• छत्रकोट गाउँपालिकाको नक्सा बनाई गाउँपालिका केन्द्र, वडाहरू, मुख्य सडकहरू देखाउन<br>• छत्रकोट गाउँपालिकाको लिङ्ग, धर्म र जातिगत जनसङ्ख्या बताउन<br>• जनप्रतिनिधिको परिचय बताउन<br>• वडा कार्यालयले प्रदान गर्ने मुख्य सेवाहरू बताउन | • छत्रकोट गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>• गुल्मी जिल्लाको नक्सा बनाई छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने धार्मिक तथा पर्यटकीय स्थल, खोला-नाला, मुख्य सडक भर्न<br>• छत्रकोट गाउँपालिकाको भौगोलिक स्वरूप (समुन्द्री सतहदेखिको उचाइ, सामान्य हावापानी, देशको राजधानीसम्मको दूरी) वर्णन गर्न<br>• गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यहरू | • छत्रकोट गाउँपालिकाको भौगोलिक तथा राजनीतिक संरचना र अवस्था बताउन<br>• लुम्बिनी प्रदेशको नक्सामा गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने मुख्य कृषि, ब्लक, धार्मिक तथा पर्यटकीय स्थल, मुख्य सडक तथा खोलानालाहरू देखाउन<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ का मुख्य विशेषताहरू बताउन<br>• छत्रकोट गाउँपालिकाद्वारा प्रवाह गरिने मुख्य सेवाहरू बताउन |
| **२. हाम्रो वातावरण** | • छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने विभिन्न प्रकारका वनहरूको परिचय दिन<br>• वृक्षारोपणको परिचय दिई यसको उपयुक्त समय र महत्त्व बताउन<br>• विद्यालयमा करेसाबारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित तरकारीबालीलगायत दैनिक खानामा उपयोग हुने वनस्पतिहरूको खेती कार्यमा सहभागी हुन | • सामुदायिक वनको परिचय दिई यसको महत्त्व बताउन<br>• पालिका क्षेत्रमा वृक्षारोपण अभियान सञ्चालनमा सहयोग गर्न<br>• स्थानीय मौसममा आधारित तरकारी बालीलगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूको खेती गर्न<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न<br>• घरायसी ठोस व्यवस्थापनअन्तर्गत | • पालिकाअन्तर्गतका वनजङ्गलमा पाइने मुख्य वनस्पति, तिनीहरूको उपयोगिता र संरक्षण गर्ने सिप विकास गर्न<br>• खाली जग्गा वनक्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• हरितगृह तथा विद्यालय निर्माणका लागि आधारभूत आवश्यक पक्षहरू वर्णन गर्न<br>• स्थानीय क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरू र |

| | | | |
|---|---|---|---|
| | • घर, विद्यालयल र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण नियन्त्रणका उपायहरू बताउन<br>• पालिका क्षेत्रमा खानेपानीको स्रोत विवरण र पानी शुद्धीकरणका स्थानीय उपायहरू खोजी गर्न र अवलम्बन गर्न<br>• पालिका क्षेत्रमा जैविक विविधता, दिगो विकास र वातावरण संरक्षण गर्ने तरीकाहरू पहिचान गर्न | कम्पोस्ट मल बनाउने प्रक्रियाको अभ्यास गर्न<br>• जैविक विविधता, दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने प्रयासहरू पहिचान गर्न | गाउँपालिकाको भूमिका वर्णन गर्न<br>• पानीको दिगो व्यवस्थापन सम्बन्धमा बताउन<br>• दिगो विकासका लक्ष्यहरू प्राप्ति र जैविक विविधता संरक्षणका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू बताउन |
| **३.स्थानीय पेसा, व्यवसाय, तथा आर्थिक विकास** | • कामको आधारमा व्यवसायको परिचय, महत्त्व र किसिम बताउन<br>• तरकारी खेतीका लागि प्लास्टिक टनेल बनाउने तरिका पहिचान गरी यसको निर्माण गर्न र महत्त्व बताउन<br>• स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूलखेतीका लागि बिउ छनोट, रोगको पहिचान र किराबाट संरक्षण गर्ने तरिका अवलम्बन गर्न | • मौसमी तथा बेमौसमी खेतीको परिचय दिन<br>• सिँचाइका लागि प्लास्टिक पोखरी निर्माण गर्न र यसको महत्त्व बताउन<br>• तरकारीखेती, फलफूलखेती, अन्नबाली उत्पादन गर्नका लागि बिउ छनोट, रोग पहिचान र रोग किराबाट संरक्षण गर्ने तरिका अवलम्बन गर्न<br>• कलमी, ग्राफिटङको महत्त्व बताउन<br>• उखु खेतीको परिचय, उत्पादन | • बेमौसमी तरकारी (टमाटर, फूलगोभी, करेला, भिन्डी आदि) खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न<br>• थोपा सिँचाइको परिचय दिन यसको प्रयोग गर्न र महत्त्व बताउन<br>• तरकारी खेती, फलफूल खेती, अन्नबालीको खेती गर्नका लागि बिउ छनोट, रोग पहिचान र रोग किराबाट संरक्षणको तरिका अवलम्बन गर्न र उत्पादन कार्यमा सहभागी हुन (च्याउ खेती, धान खेती आदि)<br>• कलमी, ग्राफि्टङको निर्माण सिप |

| | | | |
|---|---|---|---|
| १.छत्रकोटको परिचय, स्थानीय संरचना र सेवा प्रवाह | • छत्रकोट गाउँपालिकाको ऐतिहासिक परिचय दिन<br>• छत्रकोट गाउँपालिकाको नक्सा बनाई गाउँपालिका केन्द्र, वडाहरू, मुख्य बाटाहरू देखाउन<br>• छत्रकोट गाउँपालिकाको कुल जनसङ्ख्या, लिङ्ग, धर्म र जातिगत जनसङ्ख्या बताउन<br>• जनप्रतिनिधिको परिचय बताउन<br>• वडा कार्यालयले प्रदान गर्ने मुख्य सेवाहरू बताउन | • छत्रकोट गाउँपालिकाको ऐतिहासिक परिचय<br>• गाउँपालिकाका महत्त्वपूर्ण स्थानहरूको अवस्थिति<br>• छत्रकोट गाउँपालिकाको जनसङ्ख्या र यसको बनोट<br>• जनप्रतिनिधि<br>• वडा कार्यालय र यसका सेवाहरू | • छत्रकोटको नामकरण र स्थापना सम्बन्धमा भौगोलिक, सांस्कृतिक एवम् राजनीतिक आधारहरूबाट सहजीकरण गर्ने<br>• छत्रकोट गाउँपालिकाको नक्सामा गाउँपालिकाको केन्द्र, वडा कार्यालयहरू र मुख्य बाटाहरू भर्ने कार्यमा सहजीकरण गर्ने साथै पृष्ठपोषण प्रदान गर्ने<br>• राष्ट्रिय जनगणना २०७८ को आधारमा विद्यार्थीहरूलाई छत्रकोट गाउँपालिकाको जनसङ्ख्या र यसको बनोटको बारेमा सहजीकरण गर्ने<br>• जनप्रतिनिधिको बारेमा छलफल गरी सहजीकरण गर्ने<br>• वडा कार्यालयले प्रदान गर्ने सेवाहरू सम्बन्धमा छलफल गरी सहजीकरण गर्ने | • छत्रकोट गाउँपालिकाको नक्सामा गाउँपालिकाको केन्द्र, वडा कार्यालय आदि भर्न लगाएर<br>• जनप्रतिनिधीको भूमिका र जिम्मेवारी बताउन लगाएर<br>• वडाबाट प्रदान गर्ने सेवाहरूको तालिका तयार गर्न लगाएर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. हाम्रो वातावरण | • छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने विभिन्न प्रकारका वनहरूको परिचय दिन<br>• वृक्षारोपणको परिचय दिई यसको उपयुक्त समय र महत्त्व बताउन<br>• विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित तरकारीबालीलगायत दैनिक खानामा उपयोग हुने वनस्पतिहरूको खेती कार्यमा सहभागी हुन<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण नियन्त्रणका उपाय बताउन<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत वितरण र पानी | • छत्रकोटका वनजङ्गल<br>• वृक्षारोपण र यसको महत्त्व<br>• करेसाबारी, यसको निर्माण र उत्पादन अभ्यास<br>• फोहर तथा प्रदूषण<br>• खानेपानीको स्रोत र शुद्धीकरणका उपायहरू<br>• दिगो विकास र वातावरण संरक्षण | • छत्रकोट गाउँपालिकाअन्तर्गतका वनहरूको परिचय दिई अवलोकन समेत गराउने<br>• वृक्षारोपणको परिचय दिई वृक्षारोपण कार्यमा संलग्न गराउने<br>• छलफल र अवलोकनका माध्यमबाट करेसाबारीको निर्माण र उत्पादनमा लगाउने<br>• आफ्नो टोलमा भएका सरसफाइ अभियानका बारेमा छलफल गराई सफाइयुक्त नमुना बस्तीको समेत उदाहरण प्रस्तुत गर्ने<br>• छलफल तथा भिडियो प्रदर्शनको प्रयोग गरी खानेपानीका स्रोतहरू तथा शुद्धीकरण गर्ने उपायको बारेमा प्रस्ट पार्ने,<br>• दिगो विकासको अवधारण सम्बन्धमा छलफल गराउने साथै वातावरणमा प्लास्टिक, फोहरमैला, रासायनिक मल, कीटनाशक औषधी आदिले पार्ने नकारात्मक प्रभावका सम्बन्धमा सचेतना जगाउने | • छत्रकोटअन्तर्गतका मुख्य वनहरूको नाम बताउन लगाएर<br>• वृक्षरोपण गर्ने उपयुक्त समय र वृक्षारोपणको महत्त्वसम्बन्धी प्रश्नहरू सोधेर<br>• करेसाबारीको निर्माण र उत्पादनसम्बन्धी अनुगमन गरेर<br>• प्रदूषण नियन्त्रण र खानेपानी शुद्धीकरणसम्बन्धी छलफल गराएर<br>• दिगो विकास र वातावरण संरक्षणसम्बन्धी सचेतना जगाउन विद्यार्थीहरूलाई परियोजना कार्य दिएर | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शुद्धीकरणका स्थानीय उपायहरू खोजी गर्न र अवलम्बन गर्न<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण गर्ने तरिकाहरू पहिचान गर्न | | | | |
| ३. स्थानीय पेसा व्यवसाय तथा आर्थिक विकास | • कामको आधारमा व्यवसायको परिचय, महत्त्व र किसिम बताउन<br>• प्लास्टिक टनेल बनाउने तरिका पहिचान गरी निर्माण गर्न र महत्त्व बताउन<br>• स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती (तरिका बिउ छनोट, रोगको पहिचान र किराबाट संरक्षण गर्ने तरिका | • व्यवसायको परिचय र महत्त्व<br>• प्लास्टिक टनेल, यसको निर्माण र महत्त्व<br>• तरकारी तथा फलफूल खेती<br>• गाई, भैँसी तथा बङ्गुर पालन<br>• कफी खेती | • आगमन विधिको प्रयोग गरी व्यावसायको परिचय र महत्त्वसम्बन्धी सहजीकरण गर्ने<br>• प्लास्टिक टनेलको नमुना तयार गरी यसको महत्त्वको बारेमा छलफल गराउने<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकै फलफूल तथा तरकारी खेती, गाईफर्म, बङ्गुरफर्म सञ्चालन गरिएको स्थानको भ्रमण गराई कृषकसँगको अन्तरक्रियाबाट फलफूल, तरकारीखेती, गाई, भैँसी तथा बङ्गुर पालन गर्ने तरिका, उपयुक्त बिउ तथा जातको छनोट, रोगको पहिचान र नियन्त्रणबारे जानकारी सङ्कलन गरी प्रस्तुत गर्न लगाउने,<br>• कफी खेती सम्बन्धमा छलफल | • व्यावसायको महत्त्वसम्बन्धी प्रश्नहरू सोधेर<br>• प्लास्टिक टनेलको नमुना निर्माण गर्न लगाएर र यसको महत्त्वसम्बन्धी प्रस्तुति गर्न लगाएर<br>• तरकारी तथा फलफूल खेती गर्ने तरिका, बिउको छनोट तथा रोग किराबाट जोगाउने उपायसम्बन्धी प्रश्नहरू सोधेर<br>• गाई, भैँसी तथा बङ्गुर पालनको व्यावसायिक सम्भावना, असल जात तथा रोगको नियन्त्रणसम्बन्धी समूहगत प्रस्तुतीकरण गर्न लगाएर<br>• कफी खेतीसम्बन्धी परिचय र महत्त्व सोधेर | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अबलम्बन गर्न)<br>स्थानीय स्तरमा गरिने गाई, भैंसी, बङ्गुर पालनको सम्भावना, व्यवसायिक महत्त्व, रोगबाट संरक्षण गर्ने सिप विकास गर्न<br>• कफी खेतीको परिचय, उत्पादन, प्रक्रिया र महत्त्व बताउन | | तथा भिडियो प्रदर्शन गराई वा सम्भव भएमा कृषि प्राविधिक आमन्त्रण गरी कफी खेतीको परिचय, उत्पादन प्रक्रिया र महत्त्व सम्बन्धमा सहजीकरण गराउने | | |
| ४. हाम्रो संस्कृति तथा सम्पदाहरू | • छत्रकोट गाउँपालिकाभित्र रहेका प्रमुख धार्मिक तथा सांस्कृतिक स्थलहरूको परिचय, ऐतिहासिक महत्त्व, संरक्षण र विकासका बारेमा उल्लेख गर्न<br>• हस्तकलाको परिचय दिई स्थानीय हस्तकलाको पहिचान गर्न (गुन्द्री, डोको, ढकिया, चकटी आदि)<br>• छत्रकोट गाउँपालिकामा प्रचलित स्थानीय | • स्थानीय धार्मिक तथा सांस्कृतिक स्थलहरू<br>• हस्तकला<br>• स्थानीय लोकबाजा<br>खोलानाला र पोखरी | • सम्बन्धित धार्मिक तथा सांस्कृतिक स्थलहरूका फोटो, भिडियो फिचर वा प्रत्यक्ष अवलोकन गराई परिचय, महत्त्व, विकास र संरक्षण सम्बन्धमा सहजीकरण गराउने<br>• विद्यार्थीहरूलाई छलफल र अवलोकनका माध्यमबाट हस्तकला र तिनको पहिचानसम्बन्धी सहजीकरण गर्ने<br>• स्थानीय लोकबाजाहरूको सङ्कलन गरी क्रमिक रूपमा छलफल गराउँदै तिनीहरूको परिचय, विशेषता र महत्त्वको बारेमा स्पष्ट पार्ने | • छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने प्रमुख धार्मिक तथा सांस्कृतिक स्थलहरूको नाम बताउन लगाउने<br>• स्थानीय स्तरमा उपलब्ध हस्तकलाको सङ्कलन तथा प्रदर्शन गर्न लगाउने<br>• विद्यार्थीलाई फरकफरक लोकबाजा उपलब्ध गराई तिनको परिचय, विशेषता र महत्त्व बताउन लगाउने<br>• खोलानालासम्बन्धी छलफल गराई परिचय र उपयोगिता बताउन लगाउने | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | लोकबाजा (मादल, ढोलक, पञ्चेबाजा आदि) को परिचय, विशेषता र महत्त्व बताउन<br>• स्थानीय खोलानाला र पोखरीको परिचय तथा उपयोगिता बताउन | | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी खोलानालाको परिचय र महत्त्वसम्बन्धी समूहगत प्रस्तुतीकरणका आधारमा निष्कर्ष बताइदिने | | |
| ५. सूचना, सञ्चार तथा प्रविधि | • सूचनाको परिचय दिन<br>• स्थानीय सञ्चार माध्यम (एफ.एम. रेडियो) को परिचय तथा भूमिका बताउन<br>• विपद्मा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न | • सूचना<br>• स्थानीय सञ्चार माध्यम ( परिचय, भूमिका) विपद् र सूचना तथा सञ्चार प्रविधि | • विद्यार्थीहरू माझ छलफल गराई सूचनाको धारणा सम्बन्धमा प्रस्ट पारिदिने<br>• स्थानीय एफ.एम., रेडियोसम्बन्धी जानकारी इन्टरनेटमा खोज गरी वा प्रत्यक्ष भ्रमण गरी तिनीहरूको परिचय र विभिन्न क्षेत्रमा भूमिकासम्बन्धी प्रस्ट पार्न सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई विपद्को समयमा अति आवश्यक सूचना, सतर्कता आदिसम्बन्धी आधिकारिक सूचनाको रूपमा सञ्चार र प्रविधिले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने कुरा सहजीकरण गराउने | • विद्यार्थीलाई सूचनाको परिचय बताउन लगाउने<br>• स्थानीय सञ्चार माध्यमका नाम र तिनीको भूमिका बताउन लगाउने<br>• विपद्मा सूचना तथा सञ्चार प्रविधिले कसरी सहयोग गर्छ भन्ने जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने | १५ |
| ६. स्वास्थ्य पोषण तथा | • सन्तुलित भोजनको परिचय र महत्त्व दिन | • सन्तुलित भोजन (परिचय | • विद्यार्थीमा छलफल गराई सन्तुलित भोजनको परिचय तथा | • सन्तुलित भोजनको परिचय र महत्त्व | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| तन्दुरुस्ती | र यसको व्यवहारिक प्रयोग गर्न<br>• घरमा उपलब्ध स्थानीय सामग्री प्रयोग गरी सर्वोत्तम पिठो तयार गर्न<br>• विभिन्न चाडपर्वमा तयार गरिने फरक परिकारका सूची बनाउन<br>• सरस्वती वन्दनाको दैनिक प्रयोग गर्न | र महत्व)<br>• सर्वोत्तम पिठो<br>• स्थानीय स्तरमा विभिन्न चार्डपर्वमा तयार गरिने परिकारहरू<br>• सरस्वती वन्दना | महत्व प्रस्ट पारिदिने<br>• सर्वोत्तम पिठो तयार गर्न आवश्यक स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूको प्रदर्शन गर्दै सर्वोत्तम पिठोको नमुना तयार पार्न प्रोत्साहित गर्ने<br>• स्थानीय स्तरका विभिन्न चार्डपर्वमा तयार गरिने परिकारका सम्बन्धमा छलफल गराई टिपोट गराउने<br>• सरस्वती वन्दनाको दैनिक अभ्यास गराउने | बताउन लगाएर<br>• आवश्यक सामग्री प्रदान गरी सर्वोत्तम पिठोको नमुना तयार गर्न लगाएर<br>• विभिन्न चार्डपर्वमा तयार गरिने विभिन्न स्थानीय परिकारका नामहरू सोधेर<br>• सरस्वती वन्दना वाचन गर्न लगाएर | |
| ७. खेलकुद | • आफ्नो समुदायमा खेलिने खेलहरूको सूची बनाई खेल सामग्री र खेल स्थल पहिचान गर्न | • स्थानीय खेल, खेल सामग्री र खेल स्थल | • विद्यार्थीलाई स्थानीय स्तरमा खेलिने खेलहरू एकएक गरी भन्न लगाई अन्तिम सूची तयार गर्न लगाउने<br>• विद्यालयको खेल मैदानमा लगेर पालैपालो स्मरण खेल, घैटोफोर, कबड्डी, हाइजम्प, लङ्जम्प, ट्रिपलजम्प आदि खेलहरूको नियमहरू बताउँदै क्रमिक रूपमा खेलको अभ्यास गराउने | • विद्यार्थीहरूलाई आफ्नो समुदायमा खेलिने खेलका नियमहरू भन्न लगाएर<br>• विद्यार्थीका माझ सम्बन्धित खेलहरूको आन्तरिक प्रतिस्पर्धा गराएर | २२ |
| ८. प्रकृतिक प्रकोप र व्यवस्थापन | • प्रकोप तथा विपद् पहिचान गरी सामान्य जानकारी दिन<br>• प्रकोप तथा विपद्को भिन्नता बताउन र | • प्रकोप र विपद्<br>• विपद् पूर्व तयारी र जोखिम न्यूनीकरण<br>• विभिन्न प्रकोपहरू (भूकम्प, | • विद्यार्थीहरू माझ प्रकोप तथा विपद्सम्बन्धी भिडियो क्लिप प्रदर्शन गरेर वा छलफल गराएर त्यसको परिचय तथा प्रकोप र विपद्बिचको भिन्नता पत्ता | • विद्यार्थीलाई प्रकोप र विपद्बिचको भिन्नता छुट्याउन लगाएर<br>• विद्यार्थीहरूलाई विपद् पूर्व तयारीका लागि आवश्यक सामग्रीको सूची | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रकोपलाई विपद्मा परिणत हुन नदिनका लागि अवलम्बन गरिने प्रयासहरू बताउन<br>• विपद् पूर्व तयारीका लागि चाहिने सामग्रीको सूची बनाउन<br>• विपद् जोखिम न्यूनीकरणका लागि विद्यार्थीहरूको अगुवाइमा सचेतना कार्यक्रम सञ्चालन गर्न<br>• आफ्नो पालिकाभित्र घट्न सक्ने प्रमुख प्रकोपहरू (भूकम्प, पहिरोको जोखिम र यसबाट बच्ने उपायहरू) बताउन | आगलागी र भूक्षय) | लगाउन सहजीकरण गर्ने<br>• विद्यार्थीहरू माझ प्राकृतिक प्रकोपले ल्याउन सक्ने विपद्बाट बच्न आवश्यक पर्ने पूर्व तयारी के के हुन सक्छन् ? छलफल गराई शिक्षकले निष्कर्ष बताइदिने, प्रकोपको समयमा ध्यान दिनुपर्ने कुराहरू छलफल गराई त्यसलाई विपदमा परिणत हुन नदिने उपायुमेत बताइदिने<br>• प्रकोपसम्बन्धी सचेतना दिन विद्यालयभित्र वक्तृत्वकला सञ्चालन गर्ने | बनाउन लगाएर र घरमा ती सामग्रीहरूको व्यवस्थापन (जोहो) गर्न लगाएर,<br>• प्राकृतिक प्रकोप र विपद्सम्बन्धी कक्षाभित्र र विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गर्न लगाएर | |

**कक्षा ७**

| | | | | | |
|---|---|---|---|---|---|
| १. छत्रकोटको परिचय, स्थानीय संरचना र सेवाप्रवाह | • छत्रकोट गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>• गुल्मी जिल्लाको नक्सा बनाई छत्रकोट गाउँपालिकाअन्तर्गत पर्ने धार्मिक तथा पर्यटकीय स्थल, खोला-नाला, मुख्य सडक भर्न<br>• छत्रकोट गाउँपालिकाको भौगोलिक स्वरूप (समुद्री सतहदेखिको उचाइ, सामान्य हावापानी, देशको राजधानीसम्मको दूरी) वर्णन गर्न<br>• गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यहरू बताउन<br>• वडा प्रतिनिधिहरूको छनोट प्रक्रिया बताउन | • छत्रकोट गाउँपालिकाको प्रशासनिक संरचना<br>• गुल्मी जिल्लाको नक्सामा छत्रकोटका प्रमुख स्थलहरू<br>• छत्रकोट गाउँपालिकाको भौगोलिक स्वरूप<br>• छत्रकोट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा<br>• वडा र वडा प्रतिनिधि छनोट | • छत्रकोट गाउँपालिकाको प्रशासनिक संरचनाको बारेमा विद्यार्थीहरूलाई छलफल तथा फोटो भिडियोमार्फत् सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई गुल्मी जिल्लाको नक्सा बनाउन लगाई छत्रकोट गाउँपालिकाभित्रपर्ने प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू, मुख्य बाटोहरू, खोलानाला भर्न लगाउने र शिक्षकले अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने<br>• छत्रकोट गाउँपालिकाको समुन्द्री सतहदेखिको औषत उचाइ, हावापानी तथा राजधानी (काठमाडौँ) सम्मको दूरी जानकारी गराउने<br>• गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यहरू सम्बन्धमा छलफल गराएर वा गाउँपालिकाको पेज खोज गरेर वा प्रत्यक्ष शाखा भ्रमण गराई सहजीकरण गर्ने<br>• विद्यालयमा नमुना मतदान कार्य गराई वडा प्रतिनिधिको छनोटसम्बन्धी चरण स्पष्ट पार्ने | • छत्रकोटको प्रशासनिक संरचनासम्बन्धी प्रश्नहरू सोधेर<br>• गुल्मीको नक्सामा छत्रकोटका प्रमुख स्थान भर्न लगाएर<br>• छत्रकोटको भौगोलिक स्वरूप बताउन लगाएर<br>• शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने प्रमुख ५ कार्यहरू बताउन लगाएर<br>• वडा प्रतिनिधिहरू कसरी छनोट हुन्छन् भन्ने प्रश्न सोधेर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. हाम्रो वातावरण | • सामुदायिक वनको परिचय दिई यसको महत्त्व बताउन<br>• गाउँपालिका क्षेत्रमा वृक्षारोपण अभियान सञ्चालनमा सहयोग गर्न<br>• स्थानीय मौसममा आधारित तरकारी बालीलगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूको खेती गर्न<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न<br>• घरायसी ठोस फोहर व्यवस्थापनअन्तर्गत कम्पोस्ट मल बनाउने प्रक्रियाको अभ्यास गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय | • सामुदायिक वनको परिचय र महत्त्व<br>• वृक्षारोपण अभियान<br>• तरकारी तथा फलफूल खेती<br>• फोहोर व्यवस्थापन र कम्पोस्ट मल<br>• दिगो विकास र वातावरण संरक्षण | • छलफलका माध्यमद्वारा सामुदायिक वनको परिचय र महत्त्व प्रस्ट पार्दै वृक्षरोपण अभियान सञ्चालनको आवश्यकता सम्बन्धमा सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई छलफल वा क्षेत्रभ्रमणको माध्यमले स्थानीय मौसममा आधारित फलफूल तथा तरकारी खेती गर्ने सिप सिकाउन सहजीकरण गर्ने<br>• प्रयोग भएको पानी र ठोस फोहोरमैला व्यवस्थापनका उपयुक्त तरिकाहरू बताउने र कम्पोस्ट मल निर्माण गर्ने सिप विकास गर्ने गरी सहजीकरण गर्ने<br>• दिगो विकासका लागि वातावरण संरक्षण गर्न स्थानीय स्तरबाट गर्न सकिने उपायहरू छलफल गराई निष्कर्ष बताउने | • सामुदायिक वन र वृक्षारोपणसम्बन्धी प्रश्नहरू सोधेर र अभियान सञ्चालन भए नभएको यकिन गरेर<br>• स्थानीय मौसममा आधारित फलफूल तथा तरकारी खेतीको नाम र उत्पादन तरिका सोधेर<br>• उपयोग भइसकेको पानी र घरायसी ठोस फोहरमैलाको व्यवस्थापनका लागि कम्पोस्ट मल बनाउने तरिका बताउन लगाएर<br>• वातावरण संरक्षणमा विद्यार्थीको भूमिका बताउन लगाएर | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्तरबाट गरिएका प्रयासहरू पहिचान गर्न | | | | |
| ३.स्थानीय पेसा, व्यावसाय तथा आर्थिक विकास | • मौसमी तथा बेमौसमी खेतीको परिचय दिन<br>• प्लास्टिक पोखरी निर्माण गर्न र यसको महत्व बताउन<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली उत्पादन गर्ने तरिका (बिउ छनोट, रोग पहिचान र रोग किराबाट संरक्षण) अवलम्बन गर्न<br>• उखु खेतीको परिचय, उत्पादन, प्रक्रिया र महत्व बताउन<br>• कुखुरा, हाँस तथा बट्टाई पालनको सम्भावना, व्यावसायिक महत्व, रोगबाट संरक्षण गर्ने सिप विकास गर्न | • मौसमी र बेमौसमी खेती<br>• प्लास्टिक पोखरी<br>• कृषि उत्पादन ( तरकारी खेती, फलफूल खेती, अन्न खेती र उखु खेती<br>• पक्षी पालन (कुखुरा, हाँस, बट्टाई)<br>• आरन, जुत्ता तुन्ने | • आगमन विधिको प्रयोग गरी मौसमी र बेमौसमी खेतीको परिचयसम्बन्धी सहजीकरण गर्ने ।<br>• प्लास्टिक पोखरीको नमुना तयार गरी यसको महत्व बारेमा छलफल गराउने<br>• विद्यार्थीहरूलाई छलफल वा क्षेत्रभ्रमण विधिबाट तरकारी फलफूल तथा अन्नबालीको उत्पादनसम्बन्धी सिप विकास गराउने<br>• छलफल वा क्षेत्र भ्रमणको माध्यमद्वारा उखु खेती गर्ने तरिका र यसको व्यावसायिक महत्वको बारेमा स्पष्ट पारिदिने<br>• भिडियो क्लिप प्रदर्शन गरेर वा नजिकको कृषि तथा पशुपक्षी विज्ञको सहयोगमा कुखुरा, हाँस, बट्टाई पालनसम्बन्धी सिप विकास गराउने | • मौसमी र बेमौसमी खेतीको परिचय दिन लगाएर<br>• प्लास्टिक पोखरीको नमुना निर्माण गर्न लगाएर र यसको महत्व प्रस्तुतीकरण गर्न लगाएर<br>• तरकारी, फलफूल तथा अन्न बालीका लागि उपयुक्त बिउ छनोट, रोगबाट संरक्षण गर्ने तरिका बताउन लगाएर<br>• उखु खेतीसम्बन्धी परिचय र महत्व सोधेर<br>• कुखुरा, हाँस तथा बट्टाई पालनलाको व्यावसायिक सम्भावना, असल जात तथा रोगको नियन्त्रणसम्बन्धी समूहगत प्रस्तुतीकरण गर्न लगाउने | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. हाम्रो संस्कृति तथा सम्पदाहरू | •छत्रकोट गाउँपालिकाभित्रका स्थानीय नाचगानहरू ( सरायँ नाच, खुँडा नाच, लाखे नाच, गाईजात्रा, मारुनी नाच आदि) को परिचय दिई सहभागी हुन<br>•स्थानीय स्तरमा तयार गरिने परिकारहरू ( खीर, सेलरोटी, पुरी, हलुवा, गुड, मासु आदि) को सूची बनाई स्वास्थ्यवर्धक र स्वास्थ्यलाई हानि गर्ने परिकारहरू छुट्टाउन<br>•औषधीजन्य गुण भएका भान्साका खाद्यको पहिचान गरी प्रयोग गर्न<br>• आत्मानुसासनको परिचय दिई यसको अवलम्बन गर्न | • छत्रकोट गाउँपालिकाभित्रका स्थानीय नाचगानहरू<br>• हाम्रा परिकारहरू<br>• भान्साका औषधीहरू<br>• आत्मानुशासन | • छत्रकोटभित्रका स्थानीय नाचगानसम्बन्धी छुट्टाछुट्टै भिडियो क्लिप देखाएर वा समयानुकूल प्रत्यक्ष अवलोकन गराएर त्यससम्बन्धी जानकारी र सहभागी हुन प्रेरित गर्ने<br>• विद्यार्थीहरूलाई स्थानीय स्तरमा तयार गरिने परिकारहरूको सूची तयार गर्नलाई तीमध्ये स्वास्थ्यवर्द्धक र स्वास्थ्यलाई हानि गर्ने खानाका परिकारहरू छुट्टाउन लगाउने<br>• विद्यार्थीहरूलाई आफूले दैनिक रूपमा खाने गरेका परिकारहरू बताउन लगाई तीमध्ये औषधीजन्य गुण भएका परिकारहरू छुट्ट्याउन शिक्षकले सहजीकरण गर्ने<br>• छलफल विधिको प्रयोग गरी आत्मानुशासनको धारण र अवलम्बन प्रक्रिया स्पष्ट पारिदिने | • स्थानीय नाचगानहरूको सूची बनाउन र ती नाचहरूको नाच्ने प्रक्रिया सोधेर<br>• विभिन्न परिकारका नाम दिई तिनीहरूलाई स्वास्थ्यवर्द्धक र स्वास्थ्यलाई हानि गर्ने परिकार छुट्टायाउन लगाएर<br>• दैनिक रूपमा खाने गरेका परिकारहरूमध्ये औषधीजन्य गुण भएका परिकारहरूको नाम बताउन लगाएर<br>• आत्मानुशासनसम्बन्धी प्रश्नहरू सोधेर | २० |
| ५. सूचना सञ्चार तथा प्रविधि | • सूचनाको महत्त्व तथा प्रयोग बताउन | • सूचनाको महत्त्व र प्रयोग | • सूचनाको महत्त्व तथा प्रयोगसम्बन्धी छलफल गराई शिक्षकले त्यससम्बन्धी धारणा | • विद्यार्थीलाई सूचनाको परिचय बताउन लगाएर<br>• रेफ्रिजिरेटर र हिटरको सुरक्षित | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आधुनिक प्रविधिको परिचय दिन र यसको सुरक्षित प्रयोग गर्न<br>• कृषि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न | • आधुनिक प्रविधि र उपकरण<br>• सूचना तथा सञ्चार प्रविधि | स्पष्ट पारिदिने<br>• छलफल, चित्र वा भिडियो क्लिपको माध्यमद्वारा आधुनिक प्रविधिको परिचय र सम्बन्धित उपकरणको सुरक्षित प्रयोग गर्न सिकाउने<br>• कृषि सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी मस्तिष्क मन्थन गराई सिकारुको प्रतिक्रिया समेटेर शिक्षकले स्पष्ट धारणा बताइदिने | प्रयोगसम्बन्धी समूहगत प्रस्तुतीकरण गर्न लगाएर<br>• कृषिमा प्रयोग गर्न सकिने सूचना तथा सञ्चार प्रविधि बताउन लगाएर | |
| ६. स्वास्थ्य पोषण र तन्दुरुस्ती | • स्वस्थकर र अस्वस्थकर खानाको पहिचान गर्न<br>• चाडपर्वमा खानपान व्यवहारमा सतर्कता अपनाउने सिप विकास गर्न<br>• सामान्य शारीरिक व्यायामको सिप विकास गरी अभ्यास गर्न | • स्वस्थकर र अस्वस्थकर खाना<br>• खानपान व्यवहार र चाडपर्व<br>• शारीरिक व्यायाम | • विद्यार्थीहरू माफबाट विभिन्न खानाका नामहरू सङ्कलन गरी स्वस्थकर र अस्वस्थकर खानाहरू उनीहरूलाई नै छुट्याउन लगाउने र अन्त्यमा शिक्षकले पृष्ठपोषण दिने,<br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी चाडपर्वमा अपनाउनुपर्ने खानपान व्यवहारसम्बन्धी ५।५ वटा बुँदा टिपोट गर्न लगाई छलफलका साथमा निष्कर्ष बताइदिने<br>• तोकिएको शारीरिक व्यायाम अभ्यास गराएर | • दिइएका स्वस्थकर र अस्वस्थकर खाना छुट्याउन लगाएर<br>• चाडपर्वहरूमा खानपानसम्बन्धी अपनाउनुपर्ने सतर्कताहरू भन्न लगाएर<br>• तोकिएको शारीरिक व्यायाम प्रदर्शन गर्न लगाएर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. खेलकुद | • खेलकुदको महत्व बताउन<br>• समस्या दौड र लुडो खेलका नियमहरू सिक्न र अभ्यास गर्न<br>• फुटवल र क्रिकेट खेलको सामान्य नियमहरू सिक्न र अभ्यास गर्न<br>• सटफुट र भाला खेलका नियमहरू सिक्न र अभ्यास गर्न | • खेलकुद<br>• विभिन्न खेलहरू (नियम र सिप विकास) (समस्या दौड, लुडो,फुटबल, क्रिकेट, सटफुट, भाला | • विद्यार्थीहरूमा छलफलको माध्यमबाट खेलकुदको महत्वबारेमा सहजीकरण गर्ने,<br>• छुट्टाछुट्टै खेलका लागि छुट्टाछुट्टै दिनहरूमा कक्षाभित्र वा खेल मैदानमा विद्यार्थीहरूलाई लगेर पहिले नियमहरू बताउने र उपयुक्त समूह विभाजन गरी खेलको अभ्यास गराउने | • खेलकुदको महत्वसम्बन्धी महत्व सोधेर<br>• विभिन्न खेलहरू खेल्न लगाई अवलोकन गरेर | २२ |
| ८. प्राकृतिक प्रकोप र व्यवस्थापन | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे सामान्य परिचय दिन<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चरणहरू (विपद् पूर्व, विपद्को समयमा र विपद्पश्चात्) र यी चरणहरूमा गरिने कार्यहरूका बारेमा बताउन<br>• विपद् जोखिम न्यूनीकरण तथा | • विपद जोखिम (न्यूनीकरण र व्यवस्थापन)<br>• विपद व्यवस्थापनमा नेपाल रेडक्रस, दमकल एम्बुलेन्स, सञ्चार र अस्पतालको भूमिका | • विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विद्यार्थीहरूमा समूहगत छलफल चलाउने वा भिडियो क्लिप्सको माध्यमद्वारा न्यूनीकरणका चरणहरू समेत प्रष्ट पारिदिने<br>• जोखिम तथा विपद न्यूनीकरणका लागि सहयोगी सरोकारवाला संघसंस्था वा पाठनको सम्बन्धमा छलफल गराई तिनीहरूको छुट्टाछुट्टै भूमिकासम्बन्धी प्रस्तुतीकरणमा शिक्षकले सहजीकरण गर्ने | • विपद जोखिम न्यूनीकरण, परिचय तथा व्यवस्थापनका चरणहरू बताउन लगाएर<br>• विपदको बेला अति आवश्यक संघ संस्था वा वाहन र तिनीहरूको भूमिका सम्बन्धी प्रश्न सोधेर | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १. छत्रकोटको परिचय, स्थानीय संरचना र सेवाप्रवाह | • छत्रकोट गाउँपालिकाको भौगोलिक तथा राजनीतिक संरचना र अवस्था बताउन<br>• लुम्बिनी प्रदेशको नक्सामा, गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका अन्तर्गत<br>व्यवस्थापनमा कार्य गर्ने स्थानीय सरोकारवालाहरूको पहिचान तथा सम्पर्क नम्बर सहित सूचिकृत गर्न, जस्तैः नेपाल रेडक्रस, अस्पताल, दमकल, एम्बुलेन्स सेवा आदि | • छत्रकोटको भौगोलिक तथा राजनीतिक अवस्था<br>• लुम्बिनी प्रदेशको नक्सामा गुल्मी र छत्रकोट<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | • छत्रकोट गापाको भौगोलिक तथा राजनीतिक अवस्थाको बारेमा विद्यार्थीहरूलाई छलफल तथा भिडियो फिचरमार्फत सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई लुम्बिनी प्रदेशको नक्सा, त्यसभित्र गुल्मी जिल्लाको नक्सा कोर्न लगाई गाउँपालिकाभित्रका मुख्य कृषि ब्लकहरू, पर्यटकीय स्थलहरू, मुख्य सडक तथा खोलानाला भर्न लगाउने र शिक्षकले अवलोकन गरी | • छत्रकोटको भौगोलिक तथा राजनीतिक संरचनासम्बन्धी प्रस्तुतीकरण गर्न लगाएर<br>• लुम्बिनी प्रदेश, गुल्मी जिल्ला र छत्रकोटको नक्सा कोर्न लगाई छत्रकोटका प्रमुख स्थलहरू भर्न दिने र अवलोकन गर्ने,<br>• स्थानीय सरकार सञ्चालन | १८ |

**कक्षा ८**

| | | | | | |
|---|---|---|---|---|---|
| | पर्ने मुख्य कृषि, ब्लक, धार्मिक तथा पर्यटकीय स्थल, मुख्य सडक तथा खोलानालाहरू देखाउन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का मुख्य विशेषताहरू बताउन<br>• छत्रकोट गाउँपालिकाद्वारा प्रवाह गरिने मुख्य सेवाहरू बताउन<br>• छत्रकोट गाउँसभा गठन र यसको काम, कर्तव्य र अधिकार बताउन | • छत्रकोट गाउँपालिकाद्वारा प्रवाह गरिने सेवाहरू छत्रकोट गाउँसभा | पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ इन्टरनेटमा खोज्न लगाई यसका मुख्य विशेषताहरू टिपोट गर्न लगाउने र अन्त्यमा शिक्षकले निष्कर्ष बताइदिने<br>• विद्यार्थीहरूलाई समूहगत छलफल गराएर वा गाउँपालिका भ्रमण गराई सूचना अधिकारीको सहयोगमा गापाद्वारा प्रदान गरिने मुख्य सेवाहरू लिन र गाउँसभाको गठन काम, कर्तव्य र अधिकारसम्बन्धी अवधारण प्रष्ट हुन सहजीकरण गर्ने | ऐन, २०७४ छत्रकोट गाउँपालिकाद्वारा प्रदान गरिने प्रमुख सेवाहरू तथा गाउँसभाको गठन प्रक्रियासम्बन्धी प्रश्नहरू सोधेर | |
| २. हाम्रो वातावरण | • पालिकाअन्तर्गतका वनजङ्गलमा पाइने मुख्य वनस्पति, तिनीहरूको उपयोगिता र संरक्षण गर्ने सिप विकास गर्न<br>• खाली जग्गा वनक्षेत्र, घर र विद्यालयमा | • वन जङ्गल र प्रमुख वनस्पतिहरू<br>• वृक्षारोपणका उपयुक्त क्षेत्रहरू<br>• हरितगृह निर्माण<br>• आकासे पानी सङ्कलन | • विद्यार्थीहरूका माझ छलफल चलाई छत्रकोटभित्रका वनजङ्गलमा पाइने प्रमुख वनस्पतिहरूको नाम सङ्कलन गराउने र तिनीहरूको उपोगिता र संरक्षण गर्ने तरिकाहरू जानकारी गराउने<br>• विद्यार्थीहरूलाई वृक्षारोपणको महत्त्व जगाउँदै आफ्नो क्षेत्रमा भएका खाली जग्गा, विद्यालय परिसर वन क्षेत्र | • छत्रकोटभित्र उपलब्ध मुख्य वनस्पतिको उपयोगिता र संरक्षण गर्ने तरिकाहरू बताउन लगाएर<br>• हरतिगृहसम्बन्धी आधारभूत कुरा सोधेर<br>• वातावरण प्रदूषण र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | वृक्षारोपण गर्न<br>• हरितगृह तथा विद्यालय निर्माणका लागि आधारभूत आवश्यक पक्षहरू वर्णन गर्न<br>• स्थानीय क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय सङ्घसंस्थाहरू र गाउँपालिकाको भूमिका वर्णन गर्न<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू बताउन | • प्रदूषण नियन्त्रण<br>• दिगो विकास र स्थानीय सरकार | आदिमा वृक्षारोपण गर्न प्रोत्साहित गर्ने गरी छलफल चलाउने<br>• विद्यालय हाताभित्र कृत्रिम हरितगृहको ज्ञानसम्बन्धी क्रियाकलाप गराउने<br>• वातावरण प्रदूषण न्यूनीकरण र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि समुदाय र स्थानीय सरकारले गर्दै आएका र गर्नुपर्ने कार्यहरूमाथि छलफल गराई निष्कर्ष निकाल्न सहयोग गर्ने | सरकारले गर्दै आएका कार्यहरू सोधेर | |
| ३. स्थानीय पेसा तथा आर्थिक विकास | • बेमौसमी तरकारी ( टमाटर, फूलगोभी, करेला, भिन्डी आदि) खेती गर्ने तरिका बताउन र उक्त | • बेमौसमी तरकारी उत्पादन<br>• थोपा सिँचाइ (परिचय, प्रयोग र महत्त्व) | • स्थानीय स्तरमा गरिने बेमौसमी तरकारीको बारेमा विद्यार्थीहरूबाट सूचना सङ्कलन गरी बेमौसमी तरकारी उत्पादन गर्ने तरिका र उक्त खेतीमा सहयोग गर्न स्थानीय अगुवा | • बेमौसमी तरकारीहरू तथा थोपा सिँचाइ प्रविधिसम्बन्धी विभिन्न प्रश्नहरू सोधेर<br>• च्याउखेती, किवी खेती, मकै खेती, सुन्तला तथा कागती, | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | खेतीमा सहयोग गर्न<br>• थोपा सिँचाइको परिचय दिन यसको प्रयोग तथा महत्व बताउन<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली खेती ( तरिका, बिउ छनोट, रोग पहिचान र रोग किराबाट संरक्षणको परम्परागत तरिका) अवलम्बन गर्न र उत्पादन कार्यमा सहभागी हुन (च्याउ खेती, धान खेती आदि)<br>• सुन्तला, कागती, अदुवा आदि खेतीको परिचय, उत्पादन प्रक्रिया र महत्व बताउन<br>• बाखा पालन, माहुरी पालनको सम्भावना व्यावसायिक महत्त्व, रोगबाट संरक्षण गर्ने | • कृषि उत्पादन ( च्याउखेती, मकै, धान, किवी खेती)<br>• नगदे बाली (सुन्तला, कागती र अधुवा आदि उत्पादन)<br>• बाखा पालन र मौरी पालन | कृषकसँग भेटघाट गरेर सो विषयमा धारणा स्पष्ट बनाउन सहयोग गर्ने<br>• विद्यार्थीहरू माझ छलफल वा भिडियो फिचरका माध्यमद्वारा थोपा सिँचाइको परिचय महत्त्व र प्रयोगसम्बन्धी धारणा दिने<br>• स्थानीय स्तरमा उपलब्ध कृषि प्राविधिकलाई उपयोग गर्दै च्याउ, किवी तथा मकै खेतीका लागि बिउ छनौट रोग पहिचान र रोगको रोकथामसम्बन्धी स्पष्ट धारणा प्रदान गर्ने<br>• सुन्तला, कागती, अधुवा जस्ता नगदेबालीको परिचय, उत्पादन र महत्त्व सिकाउने क्षेत्रभ्रमण गराउने र समूहगत रूपमा कक्षामा छलफल गराउने<br>• भिडियो क्लिप्स प्रयोग गरेर वा नजिकको बाखा तथा मौरीपालन स्थल अवलोकन गराई सम्बन्धित अगुवा कृषकबाट तिनीहरूको व्यावसायिक महत्त्व तथा रोगबाट संरक्षण गर्ने तरिकासम्बन्धी धारणा स्पष्ट गराउने | बाखा तथा मौरी पालन आदिको महत्त्व, सम्भावना र रोगबाट संरक्षण गर्ने तरिकाहरू विद्यार्थीहरूलाई बताउन लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिप विकास गन | | | | |
| ४. हाम्रो संस्कृति तथा सम्पदाहरू | • छत्रकोट गाउँपालिकाअन्तर्गत प्रचलित विभिन्न स्थानीय नाचगान तथा धार्मिक सांस्कृतिक स्थलको संरक्षण र विकासमा गाउँपालिकाको भूमिका बताउन<br>• गाउँपालिकाभित्र रहेका प्रमुख जातजातिहरूका बिचको सामाजिक सद्भाव र सहिष्णुताका बारेमा वर्णन गर्न<br>• अभिवादनको परिचय र अभ्यास तथा असल व्यवहारको अभ्यास र अनुसरण गर्न<br>• सामाजिक विकृतिको परिचय दिई न्यूनीकरण गर्ने उपायहरू खोज्न | • स्थानीय नाचगान र धार्मिक सांस्कृतिक स्थलहरू<br>• छत्रकोटका प्रमुख जातजातिहरू र सामाजिक सद्भाव<br>• अभिवादन<br>• सामाजिक विकृति | • स्थानीय स्तरमा प्रचलित विभिन्न नाचगानहरूको नामावली विद्यार्थीसँग मागेर तिनीहरूलाई थप व्यवस्थित र संरक्षण गर्नको लागि छत्रकोटबासी र छत्रकोट गाउँपालिकाको भूमिका सम्बन्धमा छलफल चलाई निष्कर्ष निकाल्न सहजीकरण गर्ने<br>• गाउँपालिकाभित्र रहेका विभिन्न जातजातिका मानिसबिचको आपसी सद्भावको उदाहरण प्रस्तुत गर्दै यसलाई बढाउने उपायहरू छलफल गराउने<br>• अभिनय विधिको प्रयोग गरी विभिन्न पद, नाता सम्बन्धका लागि गरिने उपयुक्त अभिवादन सिकाइको लागि अभ्यास गराउने<br>• छलफल वा भिडियो फिचरका माध्यमद्वारा सामाजिक विकृतिको धारणा दिई यसलाई न्यूनीकरण गर्ने उपायहरू खोजविधिको प्रयोग गरी प्रस्तुतीकरण गर्न लगाउने | • छत्रकोटका स्थानीय नाचगान र धार्मिक सांस्कृतिक स्थलको संरक्षणसम्बन्धी परियोजना कार्य दिने र त्यसको मूल्याङ्कन गर्ने<br>• कक्षामा भएका विभिन्न जानजातिको प्रतिनिधित्व गर्ने विद्यार्थीहरूको अनुभव बताउन लगाएर<br>• विभिन्न पद तथा नाता पर्ने व्यक्तिहरूलाई कसरी अभिवादन गरिन्छ भन्ने छुट्टा छुट्टै प्रश्नहरू सोधेर<br>• सामाजिक विकृतिको न्यूनीकरण गर्ने उपायहरूसम्बन्धी प्रश्नहरू सोधेर | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. सूचना सञ्चार तथा प्रविधि | • नागरिकका सूचनासम्बन्धी अधिकार बताउन<br>• आधुनिक प्रविधिको प्रयोग ( इन्टरनेट, अनलाइन पे) र यसका फाइदा तथा बेफाइदा छुट्टाउन<br>• शिक्षा तथा सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न | • नागरिकका सूचनासम्बन्धी अधिकारहरू<br>• आधुनिक प्रविधि (फाइदा तथा बेफाइदा)<br>• शिक्षा तथा सिकाइमा सञ्चार प्रविधिको प्रयोग | • इन्टरनेटको प्रयोग गरी नेपालको संविधानभित्र धारा २७ मा उल्लेख भएका नागरिकका सूचनासम्बन्धी अधिकार खोज्न लगाई छलफलसमेत गराई शिक्षकले निष्कर्ष निकाली दिने<br>• विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अनलाइन पे गर्ने तरिका सिकाउन, शिक्षकले सहजीकरण गर्ने साथै छलफलका माध्यमद्वारा आधुनिक प्रविधिको फाइदा तथा बेफाइदा छुट्याउन लगाउने<br>• सिकाइमा प्रयोग गर्न सकिने अनलाइन तथा अफलाइन माध्यम र एप्लिकेसनको प्रयोग गरी विषयवस्तुको बारेमा खोजी गर्नसक्ने गरी अभ्यास गराउने | • नागरिकका सूचनासम्बन्धी अधिकारहरू बताउन लगाएर<br>• अनलाइन पे प्रयोग गर्न लगाउने र त्यसको अवलोकन गर्ने<br>• गुगल प्रयोग गर्न लगाई आफूले दिएको विषयवस्तु खोज्न लगाई त्यसको मूल्याङ्कन गरेर | १५ |
| ६. स्वास्थ्य पोषण तथा तन्दुरुस्ती | • पत्रु (जङ्क फुड) खानाको परिचय, नकारात्मक असर र निषेधको अभियान सञ्चालन गर्न<br>• कुपोषण र अधिक पोषणका बेफाइदाहरू पहिचान गर्न<br>• सामान्य योग तथा | • पत्रुखाना<br>• कुपोषण<br>• योगा तथा प्रणायाम | • कक्षा कोठामा प्रदर्शन विधिको प्रयोग गरी पत्रु खाना र स्वस्थ खानाका बिचमा तुलना गर्न लगाई पत्रुखानाको नकारात्मक असरसम्बन्धी छलफल गराई निष्कर्ष निकाल्न सहयोग गर्ने<br>• विद्यार्थीको सक्रियतामा विद्यालयलाई जङ्कफुड निषेधित अभियान सञ्चालन गर्ने<br>• स्थानीय स्वास्थ्यकर्मीको सहयोगमा कुपोषण र अधिक पोषणका बेफाइदासम्बन्धी स्पष्ट धारणा बनाउन | • विद्यार्थीलाई पत्रुखाना र त्यसका नकारात्मक असरसम्बन्धी प्रश्नहरू सोधेर<br>• कुपोषण र अधिकपोषणका बेफाइदा सम्बन्धमा समूहगत प्रस्तुतीकरण गर्न लगाएर<br>• योग तथा प्रणायामको अभ्यास प्रस्तुत गर्न लगाई त्यसको अवलोकन गरेर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रणायामका सिप विकास गरी अभ्यास गर्न | | शिक्षकले सहजीकरण गर्ने<br>• विद्यालयको योग कक्ष वा बाहिर कतै शान्त स्थलमा लगी तोकिएका योग तथा प्रणयामको अभ्यासहरू गराउने | | |
| ७. खेलकुद | • विभिन्न अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको वर्तमान अवस्था पहिचान गर्न<br>• छोटो दौड र रिले दौडका नियमहरू सिक्न र अभ्यास गर्न | • अन्तर्राष्ट्रिय खेलकुद र नेपालको अवस्था<br>• छोटो दौड, र रिले दौड | • विद्यार्थीहरूलाई इन्टरनेटबाट खोजी गर्न लगाएर वा छलफल गराएर अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको वर्तमान अवस्था (फिफा वरीयता, आइसिसी वरीयता) पत्ता लगाउन सहजीकरण गर्ने<br>• छुट्टाछुट्टै खेलका लागि छुट्टाछुट्टै दिनहरूमा खेल मैदानमा विद्यार्थीहरूलाई लगेर समूहमा नियमहरू बताएर र उपयुक्त समूह विभाजन गरी खेलको अभ्यास गराएर | • अन्तर्राष्ट्रिय खेलमा नेपालको वर्तमान अवस्थासम्बन्धी प्रश्नहरू सोधेर<br>• विभिन्न खेलहरूका नियम भन्न लगाएर<br>• विभिन्न खेलहरू अभ्यास गर्न लगाई त्यसको अवलोकन गरेर | २२ |
| ८. प्राकृतिक प्रकोप र व्यवस्थापन | • प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्रहरू बताउन<br>• स्थानीय प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रमुख प्रावधानहरू ( कानुनी र संस्थागत) बताउन | • प्राकृतिक प्रकोप जोखिम व्यवस्थापन<br>• प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण प्रावधानहरू (कानुनी र संस्थागत)<br>• महामारीहरू (झाडा पखाल, डेंगु, हैजा र कोभिड) | • श्रव्यदृश्य सामग्री वा छलफलका माध्यमबाट विद्यार्थीहरूलाई जोखिम व्यवस्थापनका चरणहरूबारे धारणा स्पष्ट पारिदिने<br>• जोखिम न्यूनीकरणका लागि कानुनी र संस्थागत कस्ताकस्ता प्रावधानहरू हुन्छन् भन्ने कुरा शिक्षकले छलफलद्वारा प्रष्ट पारिदिने<br>• विद्यार्थीहरूबाट नेपालमा घट्ने गरेका प्रमुख महामारीहरुको सूची बनाउन लगाई प्रमुख महामारी (झाडा | • प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चरणहरूबारे सोधेर<br>• नेपालका प्रमुख महामारीहरूका कारण असरहरू र रोकथामका उपायहरू बताउन लगाएर<br>• प्राकृतिक प्रकोपको समयमा बढी जोखिममा पर्ने वर्गको | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • नेपालमा हुने मुख्य-मुख्य महामारीहरूलाई सूचीकृत गर्ने र यसका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरू जस्तै झाडापखाला, डेंगु, हैजा, कोभिड बारे सचेत हुन र गराउन<br>• विपद्को समयमा बढी जोखिममा पर्न सक्ने वर्गहरू जस्तै बालबालिका, सुत्केरी, अशक्त, वृद्ध तथा विपन्न वर्गको पहिचान गर्न | • प्राकृतिक प्रकोपका जोखिम वर्ग | पखाला, डेंगु, हैजा, कोभिड)को कारण असर तथा रोगथामका उपायहरू स्वास्थ्यकर्मीको सहयोगमा सहजीकरण गर्न सहयोग गर्ने<br>• मस्तिष्कमन्थन विधिको प्रयोग गरी प्राकृतिक प्रकोपको समयमा सबैभन्दा बढी जोखिममा पर्न सक्ने वर्ग पहिचान गर्न सहयोग गर्ने | नाम भन्न लगाएर | |

## १२. स्थानीय पाठ्यक्रमको कार्यघण्टी बिभाजन तालिका

### कक्षा १-५

| क.सं. | क्षेत्र/विषयवस्तु/एकाइ | कार्यघण्टा | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| १ | म, मेरो परिवार र हाम्रो छत्रकोट | २० | २५ | १० | २० | २० |
| २ | हाम्रो समुदाय, वातावरण र वरपरका जीवजन्तुहरू | २० | १५ | १५ | १५ | १० |
| ३ | स्थानिय पेसा, व्यावसाय, सिप र प्रविधि | १० | १० | १५ | १५ | १५ |
| ३ | हाम्रो संस्कृति, इतिहास र विशिष्ट व्यक्तित्व | १० | २५ | २५ | २० | २० |
| ५ | सूचना, सञ्चार तथा यातायात | ३० | ३० | २० | २० | २० |
| ६ | स्वास्थ्य, पोषण, खानपिन तथा सरसफाइ | २० | १५ | २० | १५ | १० |
| ७ | खेलकुद | २० | १० | २० | १० | १५ |
| ८ | प्राकृतिक प्रकोप र व्यवस्थापन | १० | १५ | २० | ८ | ८ |
| | जम्मा | १६० | १६० | १६० | १२८ | १२८ |

### कक्षा ६-८

| क.सं. | क्षेत्र/विषयवस्तु/एकाइ | कार्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | म र मेरो परिवार | २० | २५ | १० |
| २ | हाम्रो बातावरण | २० | १५ | १५ |
| ३ | स्थानिय पेसा, व्यावसाय, सिप र प्रविधि | १० | १० | १५ |
| ३ | हाम्रो समुदाय तथा वरपरका जिवजन्तुहरु | १० | २५ | २५ |
| ५ | हाम्रो संस्कृति | ३० | ३० | २० |
| ६ | स्थानीय संरचना र बिशिष्ट व्यक्तित्व | २० | १५ | २० |
| ७ | पोषण, खानपिन तथा सरसफाइ | २० | १० | २० |
| ८ | स्वास्थ्य र खेलकुद | १० | १५ | २० |
| ९. | विपद र विपद व्यवस्थापन | १० | १५ | १५ |
| | जम्मा | १६० | १६० | १६० |

## १३.सिकाइ सहजीकरण प्रकिया

यस स्थानीय पाठ्यक्रम कार्यान्वयनमा निम्न सिकाइ सहजीकरण विधिहरू अवलम्बन गर्न सकिन्छ :

(क) **आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि ।

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमुलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन, अन्वेषण विधि, परियोजना कार्य ।

(ग) **बैकल्पिक शिक्षण विधि :** भित्ते सामग्री प्रदर्शन विधि, श्रब्यदृश्य विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, खेल विधि, मनन ।

(घ) सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि ।

## १४.विद्यार्थी मूल्याङ्कन प्रक्रिया

राष्ट्रिय पाठ्यक्रम, २०७६ र नेपाल सरकारको वर्तमान मूल्याङ्कन नीति अनुसार यस पाठ्यक्रम अनुसारको शिक्षण सिकाइ सहजीकरण पश्चात विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको मापन निर्माणात्मक मूल्याङ्कन वा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा गरिनेछ ।

- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै पद्धति अपनाउनु पर्नेछ ।
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रकृयालाई प्रोत्साहन गरिनेछ ।
- प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङकन गरिनेछ ।
- कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई “क”, “ख” र “ग” तीन श्रेणीमा विभाजन गरिनेछ ।
- निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङकनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) मा अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level) मा छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities) मा लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेस गर्नु पर्नेछ ।
- प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यावहारिक परिवर्तन जस्ता पक्षहरू समेटनु पर्नेछ ।

प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्नेछ ।

- कक्षा १ देखि ३ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रूब्रिक्सको विकास गरिने छ । रूब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

समग्रमा कक्षा १-८ सम्मका विद्यार्थीको मुल्याङ्कनको लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्न अनुसार हुन सक्छन:

१.अवलोकन
२.मौखिक कार्य
३.लिखित कार्य
४.परियोजना तथा प्रयोगात्मक कार्य
५.कार्य सम्पादन तथा प्रदर्शन
६.सहपाठी मूल्याङ्कन
७. स्वमूल्याङ्कन
८.अभिभावकको प्रतिक्रिया
९.कुराकानी, छलफल

## १५. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिनेछ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठयक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

## १६. समय निर्धारण

यो स्थानिय विषयको पाठ्यक्रम (कक्षा १-३) को बार्षिक पाठ्यघण्टा ५ र १६० कार्यघण्टा निर्धारण गरिएको छ । त्यस्तै कक्षा ४ र ५ मा बार्षिक पाठ्यघण्टा ४ र १२८ कार्यघण्टा तथा कक्षा ६-८ मा पाठ्यघण्टा ४ र १२८ कार्यघण्टा निर्धारण गरिएको छ । सामान्यतया प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरू भएर चैत्र मसान्तसम्म कायम रहनेछ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २०५ दिन पठनपाठन हुनेछ । प्रत्येक कार्यघण्टी सामान्यतया ६० मिनेटको हुनेछ ।

## १७. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिनेछ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिका/नगरपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समुहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ ।

## १८. पाठ्यक्रम परिमार्जन

पाठ्यक्रम निर्माण एक गतिशील प्रक्रिया हो । कुनै पनि पाठ्यक्रमलाई कार्यान्वयनका क्रममा प्राप्त पृष्ठपोषण तथा सुझावका आधारमा सुधार तथा परिमार्जन गर्ने प्रक्रिया निरन्तर चलिरहन्छ । राष्ट्रिय पाठ्यक्रममा आउने परिवर्तन एवम् परिवर्तित समाजको आवश्यकता अनुसार यसमा समसामयिक सुधार गरिनेछ । सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तन, ज्ञानको विष्फोटन, व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकताहरूले प्रतिविम्बित गरेको सामाजिक आवश्यकता अनुसार यो पाठ्यक्रममा परिमार्जन गरिनेछ । अझ विशिष्ट रुपमा उल्लेख गर्नुपर्दा, यस गाउँपालिका र गुल्मी जिल्लाका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययनका निष्कर्षलाई यस पाठ्यक्रम परिमार्जन प्रक्रियामा समावेश गरिनेछ । समग्रमा यो पाठ्यक्रम कार्यान्वयन भएको पाँच वर्षमा पुनरावलोकन गरिनेछ भने दस वर्ष पश्चात् आवश्यक परिमार्जन गरिनेछ ।

प्यारो गुल्मी छत्रकोट साझा फूलबारी,
समृद्धको सपनामा जुट्दै पुरुष-नारी ।

पल्लिकोट, हर्दिनेटा, मानकोट, दौघा, हुँगा,
अनि दिगाम बगैचाका फूलसरी थुँगा।
उत्तर हेर्दा हिमालले मनै बहलाउने,
दक्षिणतिर खोलानाला बग्दै कलकलाउने।
प्यारो गुल्मी छत्रकोट साझा फूलबारी,
समृद्धको सपनामा जुट्दै पुरुष-नारी ।

छत्रकोट दहपोखरी, देवालय हाम्रा,
ठाउँ ठाउँमा बनेका छन् कला कौशल राम्रा ।
बहुमुखी क्याम्पस अनि प्राविधिक शिक्षा,
विद्या मन्दिर चारैतिर दिने शिक्षा दिक्षा।
प्यारो गुल्मी छत्रकोट साझा फूलबारी,
समृद्धको सपनामा जुट्दै पुरुष-नारी ।

बनेका छन्, टर्नेल, पोखरी, कृषी बागबानी,
आँप, उखु, कागती र सुन्तलाको खानी।
स्वास्थ्य एकार, पूर्ण खोप, सफा गाउँपालिका,
स्वास्थ्य सेवा राम्रो अनि स्वस्थ बालबालिका
प्यारो गुल्मी छत्रकोट साझा फूलबारी,
समृद्धको सपनामा जुट्दै पुरुष-नारी ।

सूचना र प्रविधिको सम्दो प्रयोग गरी,
बनाउनु छ छत्रकोटलाई हामी स्वर्ग सरी।
चार्ड-पर्व उत्सवमा ताली हामी बजाऔंला,
प्यारो हाम्रो छत्रकोटलाई हृदयमा सजाऔंला।
प्यारो गुल्मी छत्रकोट साझा फूलबारी,
समृद्धको सपनामा जुट्दै पुरुष-नारी ।

**छत्रकोट गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, चोयगा, गुल्मी ।